पूर्णाङ्क ७, चौमासिक

• ०७३ वैशाख/असार

# प्राज्ञिक संसार

Academia
Music-Drama Bulletin

सङ्गीत-नाट्य बुलेटिन

www.namuda.org.np




## राष्ट्रपति भण्डारीद्वारा चार स्रष्टालाई सङ्गीत नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार प्रदान



## सम्झनामा अम्बर गुरुङ

- दोलखामा भव्य भयो नाटक महोत्सव
- जनकपुरमा मैथिली नाट्य उत्सव

## सम्पादकीय

# एउटा युगको अन्त्य

नेपाली सङ्गीत क्षेत्रका अजर अम्बर स्रष्टा वरिष्ठ सङ्गीतकार अम्बर गुरूङ नेपाली सुगम संगीतका सशक्त हस्ती हुनुहुन्थ्यो । सुगम सङ्गीतलाई नेपाली साङ्गीतिक क्षेत्रमा स्थापित गराउन उहाँको पनि महत्वपूर्ण भूमिका रह्यो । उहाँको निधनले नेपाली सुगम सङ्गीत क्षेत्रको फेरि एउटा नक्षत्रको अस्त भएको छ ।

नेपाली सुगम सङ्गीतका हस्तीहरू एक पछि अर्को गर्दै हामीबाट भौतिक रूपमा बिदा भइरहेका छन् । सुगम सङ्गीत युगका स्वरसम्राट नारायण गोपाल, गोपाल योञ्जन अब हाम्रो सम्झनामा मात्र हुनुहुन्छ । नातिकाजी श्रेष्ठ, शिवशंकर मानन्धर, पुष्प नेपाली जस्ता सुगम सङ्गीतका शिखर व्यक्तित्व पनि हामीबाट भौतिक रूपमा अस्ताइसक्नुभएको छ । फत्तेमान राजभण्डारी, रत्नबहादुर खड्गी पनि दिवंगत इतिहास बनिसक्नुभएको छ ।

यस वर्ष हामीले सुगम सङ्गीतका अर्को सशक्त खम्बा अम्बर गुरूङलाई गुमायौं । उहाँले आफ्ना सशक्त र माधुर्य सङ्गीतले दुनियाँलाई आफ्नो बनाउनुभयो । आफ्नैपनको सङ्गीतको परिचय स्थापित गर्नुभयो । रातो र चन्द्र सूर्य...सय थुङ्गा फूलका हामी...जस्ता राष्ट्रिय र राष्ट्रगानमा कालजायी सङ्गीत सृजना गरेर उहाँले नेपाली सङ्गीतका महासेनानीका रूपमा आफ्नो परिचय बनाउनुभयो ।

उहाँले नेपालीलाई राष्ट्रियताको एकतामा बाँध्नुभयो । अम्बर गुरूङको जन्म भारतमा भएको हो । तर उहाँको शरीरमा नेपाली रगत थियो । उहाँका पिता उजिरसिंह गुरूङ गोरखाका बासिन्दा (गोर्खाली) हुनुहुन्थ्यो । एउटा गोर्खालीको सपुत जहाँ जन्मिए पनि ऊ गोर्खाली नै हुन्छ, उसको रगत, मन, मस्तिष्कमा नेपाल हुन्छ भन्ने कुरा अम्बर गुरूङले आजीवन नेपाली सङ्गीत सृजना गरेर प्रमाणित गरिदिनुभएको छ ।

उहाँ नेपाली सङ्गीतका प्रयोगधर्मी स्रष्टा पनि हुनुहुन्थ्यो । गुरूनङले नेपालमा ओपेरा म्युजिक, कोयर (विथ ब्याले) सहित वेस्टर्न इन्स्ट्रयुमेन्टको प्रयोगकर्ता गुरूङले पूर्वीय र पाश्चाय संगीतको मिश्रण गरेर नेपाली सङ्गीतलाई आधुनिक सङ्गीतको परिचय दिलाउनु भएको भन्दा अतियुक्ति नहोला । आफ्नो पूरा जीवन नेपाली सङ्गीतको श्रीवृद्धिमा दिनुहुने अम्बर गुरूङ अब इतिहास बनिसक्नुभएको छ । उहाँको निधनले नेपाली आधुनिक सङ्गीतको एउटा युगको अन्त्य भएको छ । यस नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्रथम कुलपति वरिष्ठ सङ्गीतज्ञ अम्बर गुरूङप्रति प्रतिष्ठान परिवार श्रद्धासुमन अर्पण गर्दछ ।

[signature]

## विषय-सूची


| | |
|---|---|
| राष्ट्रपति भण्डारीद्वारा चार स्रष्टालाई सङ्गीत नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार प्रदान | ३ |
| संस्कृतिमन्त्री पोखरेलद्वारा राष्ट्रिय नाटक महोत्सव उद्घाटन | ७ |
| स्रष्टा सम्मानसहित विविध साङ्गीतिक कार्यक्रम | १८ |
| नेपाली सङ्गीत हिजो र आजको अवस्थाबारे गोष्ठी | २० |
| ओखलढुङ्गामा वाद्यवादन प्रशिक्षण | २१ |
| रुम्जाटारमा मेलवादेवीबारे बहस | २२ |
| धादिङबेसीमा भव्य भयो डबली यात्रा | २४ |
| तामाङ जातिको लोपोन्मुख नृत्य प्रस्तुत | २६ |
| मन्त्री पोखरेलद्वारा मैथिली नाट्य समारोह उद्घाटन | २७ |
| नाचघरमा गुञ्जियो लोक सुसेली | ३२ |
| सम्झनामा अम्बर गुरुङ | ३४ |




# राष्ट्रपति भण्डारीद्वारा चार स्रष्टालाई सङ्गीत नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार प्रदान



काठमाडौं, ७ असार । राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल सङ्गीत एवं नाटक क्षेत्रमा योगदान दिएका चार स्रष्टालाई १३ असार २०७३ मा काठमाडौंको कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२' प्रदान गर्नुभएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट उनले सो पुररस्कार प्रदान गर्नुभयो ।

उहाँले सबै स्रष्टालाई जनही एक लाख एक रूपैयाँ र तम्रपत्रसहितको पुरस्कार प्रदान गर्नुभएको हो । पुरस्कृत स्रष्टाहरूलाई संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री आनन्दप्रसाद पोखरेलले नगद रकम प्रदान गर्नुभएको थियो भने यस प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ सरूभक्तले खादा लगाइदिने र उपकुलपति शम्भुजीत बासकोटाले पुरस्कृत स्रष्टालाई मालालगाई दिनुभएको थियो ।

कार्यक्रममा राष्ट्रपति भण्डारीले सङ्गीततर्फको 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२' सङ्गीत प्रवीण वरिष्ठ शास्त्रीय सङ्गीतकार गोपालनाथ योगीलाई प्रदान गर्नुभयो । यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले सङ्गीत प्रवीण योगीको सम्मानपत्र बाचन गर्नुभएको थियो ।

राष्ट्रपति भण्डारीले लोक गायनतर्फको 'नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२' अग्रज लोकगायक प्रचण्डबहादुर बुढाथोकीलाई प्रदान गर्नुभयो । बुढाथोकीको सम्मान पत्र यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीले बाचन गर्नुभएको थियो ।

सोही क्रममा राष्ट्रपति भण्डारीले नाटक लेखन निर्देशनतर्फको 'नेपाल सङ्गीत तथा

नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२' वरिष्ठ नाट्यकर्मी महेन्द्र मलङ्गियालाई प्रदान गर्नुभयो। यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले पुरस्कृत स्रष्टा मलङ्गियाको सम्मानपत्र वाचन गर्नुभएको थियो ।

यस्तै, राष्ट्रपति भण्डारीले नाटक अभिनयतर्फको 'नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२' वरिष्ठ कलाकार शकुन्तला गुरूङ शर्मालाई प्रदान गर्नुभयो । शर्माको सम्मान पत्र यसै प्रतिष्ठानका परिषद् सदस्य पुष्करबहादुर गुरूङले वाचन गर्नुभएको



थियो। सङ्गीततर्फ पुरस्कृत स्रष्टा बेला वादक एवं बेला विशेषज्ञ गोपालनाथ योगीले कुमारी ब्याले, शिव पार्वती ब्याले, चण्डालिका ब्याले, अन्नपूर्ण ब्याले जस्ता विभिन्न संगीत सृजना गरी नेपाली शास्त्रीय संगीतमा पाँच दशक लामो योगदान पुऱ्याउनुभएको छ । यस्तै, पाँच दशकदेखि निरन्तर लोकगीत सङ्गीत सृजना, संकलन संरक्षणमा योगदान पुऱ्याएका पुरस्कृत स्रष्टा प्रचण्डबहादुर बुढाथोकीका हाम्रा गीतहरू, जनताका गीतहरूसहित आधा दर्जन लोक गीतिसंग्रह तथा विभिन्न पुस्तक प्रकाशित छन् । नाटकतर्फ पुरस्कृत स्रष्टा मलङ्गिया पाँच दशकदेखि मैथिली नाटक लेखन, मञ्चन, निर्देशनमा हुनुहुन्छ । उहाँले पाँच दर्जन नाटक लेखनसँगै त्यत्तिकै संख्यामा नाटकको निर्देशन र अभिनय गर्नुभएको छ । अर्को पुरस्कृत स्रष्टा चरित्र अभिनेत्री एवं नाट्यकर्मी शकुन्तला गुरूङ शर्मा नेपाली नाटकमा निरन्तर चार दशकदेखि अभियन र निर्देशनमा सक्रिय रहँदै आउनुभएको छ ।



उहाँले तीन दर्जन नाटकमा अभिनय, एक दर्जन नाटकको निर्देशन र दुई दर्जन चलचित्रमा अभिनय गर्नुभएको छ ।

कार्यक्रममा राष्ट्रपति भण्डारीले नेपाल विविध लोक कला संस्कृतिको फुलबारी भएको बताउनुभयो । उहाले यस्ता कला सृजना एवं प्रवर्द्धनमा पुरस्कृत स्रष्टाहरूको उल्लेख्य योगदान छ भन्नुभयो। उहाँले यस्तो सम्मानले सर्जकलाई उत्साहित तुल्याउँदै सृजना र साधनामा लाग्न अझ प्रेरित गर्ने बताउनुभयो ।

यस्तै, संस्कृतिमन्त्री आनन्दप्रसाद पोखरेलले गीत सङ्गीत र नाटक जीवन्त संस्कृति भएको बताउँदै यस्ता सृजनामा आजीवन योगदान दिएका अग्रज स्रष्टालाई प्रतिष्ठानले पुरस्कृत गर्नु सराहनीय कार्य हो भन्नुभयो । पुरस्कृत अग्रज स्रष्टाले निर्माण गरेको कलात्मक मार्गमा नयाँ पुस्ता लागेर उनीहरूको कामलाई निरन्तर अगाडि बढाउनुपर्ने सुझाब मन्त्री पोखरेलले दिनुभयो ।

यस्तै, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले विभिन्न कारणले लोक संस्कृति लोपोन्मुख अवस्थामा पुगेको बताउँदै यस्ता संस्कृतिको संरक्षण प्रवर्द्धनमा लागेका स्रष्टालाई प्रोत्साहन गर्नुपर्छ भन्नुभयो । सङ्गीत नाटक र नृत्य नेपाली जनजीवनको अभिन्न अंग भएकाले यी मौलिक कला संस्कृतिको सृजना र संरक्षणमा योगदान पुऱ्याएका अग्रज स्रष्टालाई पुरस्कृति गर्नु प्रतिष्ठानको दायित्व भएको पनि उहाँले बताउनुभयो ।

प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले पुरस्कृत स्रष्टाहरूको योगदानको चर्चा गर्नुभयो । सो पुरस्कारले नेपाली गीत, सङ्गीत, नृत्य, नाटक जस्ता कलालाई गरिमामय बनाउँदै सम्बन्धित स्रष्टाको योगदानलाई राष्ट्रसँग जोडने मद्दत पुऱ्याएको धारणा राख्नुभयो । पुरस्कार राशि हाल जनही एक लाख एक रूपैयाँ रहेकाले मन्त्रालयसँगको सल्लाह गरेर पुरस्कारको राशि आगामी दिनमा अझ बढाउँदै लैजाने उपकुलपति बासकोटाको भनाइ थियो। पुरस्कार हस्तान्तण समारोहको सञ्चालन प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकले गर्नुभएको थियो ।





# वेलाबादनका सङ्गीत प्रवीण

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सङ्गीत प्रवीण वेलाबादक वरिष्ठ सङ्गीतकार गोपालनाथ योगीलाई सङ्गीततर्फको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२ बाट १३ असार २०७३ सालमा सम्मान गरिएको छ ।

कलाकार योगीको जन्म १९९२ माघ ४ गते पाल्पामा भएको हो । सानैदेखि संगीतमा रूचि राख्नुहुने योगी वेलाबादनमा सङ्गीत प्रवीण हुनुभएको हो । उहाँले २०१८ सालदेखि रेडियो नेपालमा कार्यक्रम चलाउँदै आउनुभएको छ । २०२२ सालमा कलाकारको रूपमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा सेवा सुरु गर्नुभएका योगीले त्यहाँ २०५२ सालसम्म बाद्यसङ्गीत निर्देशकको रूपमा निरन्तर सेवा गर्नुभयो ।

उहाँले कुमारी ब्याले, शीव पार्वती ब्याले, चण्डालिका ब्याले, अन्नपूर्ण ब्याले, वीरकुश ब्याले, सतिबृन्दा ब्याले, शीवताण्डव ब्याले तथा नेपाली मौलिक ऐश्वर्य रागको रचना गर्नुभएको छ । उहाँको लिसन नेपाल, लाइभ इन काठमाडौं, सगर सङ्गीत, सारेगम जस्ता सङ्गीत एल्बम एवं सिडी प्रकाशित छन् ।

सङ्गीत प्रवीण योगीले २०२८ सालमा रेडियो नेपालबाट शास्त्रीय सङ्गीत प्रतियोगितामा प्रथम स्थान हासिल गर्नुभएको थियो । उहाँले इन्द्रराज्यलक्ष्मी पुरस्कार (२०४१), स्पेनका नरेशबाट सम्मानित (२०४६), गोरखा दक्षिण बाहु दोस्रो (२०५३) प्राप्त गर्नुभएको छ । यस्तै, नारायणगोपाल स्मृति पुरस्कार (२०५५), नारायणगोपाल सङ्गीत सम्मान (श्री लुनकरणदास गङ्गादेवी चौधरी साहित्यकला प्रतिष्ठानद्वारा) (२०६६), नातिकाजी विशेष सङ्गीत सम्मान (२०६७) र एसियन तथा प्यासिफिक नेसन फोक आर्ट पुरस्कार (सन १९९५) दक्षिण कोरिया जस्ता पुरस्कार पनि हाँसिल गरिसक्नुभएको छ ।

सन् १९७९ मा अमेरिकी राज्यको पोर्टल्यान्ड युनिभर्सिटी र ओरिगन युनिभर्सिटीमा सङ्गीतसम्बन्धी प्रध्यापन गर्नुभएका सङ्गीत प्रवीण योगीले कलानिधि सङ्गीत महाविद्यालयमा विभिन्न विषयमा सङ्गीतसम्बन्धी तालिम प्रदान गर्दै आउनुभएको छ । यस्तै, सांस्कृति संस्थानमा सङ्गीतको प्रशिक्षण तथा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा विगतमा आयोजित विभिन्न क्षेत्रका सङ्गीतका विधार्थीहरूलाई शिक्षा प्रदान गर्नुभएको छ ।

# लोकसङ्गीतका सशक्त हस्ती




काठमाडौं । नेपाली लोकसंगीत क्षेत्रमा निरन्तर योगदान पुऱ्याउनुभएका प्रचण्डबहादुर बुढाथोकी नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा पुरस्कृत हुनुभएको छ । प्रतिष्ठानले वरिष्ठ लोक सङ्गीतकार बुढाथोकीलाई सङ्गीततर्फको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७२ बाट १३ असार २०७३ सालमा सम्मान गरेको हो ।

वरिष्ठ लोकसङ्गीतकार प्रचण्डबहादुर बुढाथोकीको जन्म छविलाल बुढाथोकी र तुलसा बुढाथोकीको सन्तानको रूपमा २८ फागुन १९९९ सालमा अर्घाखाँचीको खिदिम-१, खुलैले गाउँमा भएको थियो । सानैदेखि लोकभाका गाउन र संकलन गर्न चासो देखाउनुहुने वरिष्ठ लोकसङ्गीत बुढाथोकीले प्रवीणता प्रमाणपत्र तहसम्मको शिक्षा हासिल गर्नुभएको छ ।

हाल नवलपरासीको बर्दघाट नगरपालिका-२ चिसापानीमा बसोबास गर्नुहुने बुढाथोकी लोकसङ्गीतका अनुसन्धानकर्ताका रूपमा परिचित हुनुहुन्छ । उहाँले लोकसङ्गीत, लोकगायन, लोक साहित्यको अनुसन्धान, प्रगतिशील सङ्गीत क्षेत्रमा कला सृजनासँगै सेवा गर्दै आउनुभएको छ ।

लोक स्रष्टा बुढाथोकीले आधा दर्जन पुस्तकहरू प्रकाशित छन् । उहाँका प्रकाशित कृतिहरूमा कविता लेख्ने रीति (२०२१), हाम्रा गीतहरू (२०५१), जनताका जीवन्त गीत (२०६६), रातो रूमाल स्वदेश गाना, स्वर गुञ्जन, फुलबारी रहेका छन् । नेपाल लोकसङ्गीतमा अत्यन्त धनी भएका र यहाँका गाउँगाउँमा लोकसङ्गीतहरू भएकाले गर्दा यसको संरक्षण सम्बर्द्धनमा हामी सबै लाग्नुपर्ने लोकस्रष्टा बुढाथोकीको सुझाव छ ।

# मैथिली नाटकका शिखर पुरुष

काठमाडौं । मैथिली नाट्य क्षेत्रमा साँढे चार दशकभन्दा लामो समयदेखि निरन्तर योगदान पुऱ्याउनुभएका वरिष्ठ मैथिली नाट्यकर्मी महेन्द्र मलङ्गिया नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा पुरस्कृत हुनुभएको छ । प्रतिष्ठानले उहाँलाई नाटकतर्फको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार–२०७२ बाट १३ असार २०७३ सालमा काठमाडौंमा एक समारोहबीच पुरस्कार प्रदान गरेको हो ।

वरिष्ठ मैथिली नाट्यकर्मी महेन्द्र मलङ्गियाको जन्म २० जनवरी १९४६ मा भारतको बिहारस्थित मधुवनी मलङ्गियामा माता पूर्णिमा देवी र पिता देवीनन्दन झाबाट भएको हो । त्यसैले उहाँले आफ्नो गाउँ मलङ्गियाको रूपमा आफूलाई चिनाउँदै आउनुभएको छ ।

त्रिविबाट शिक्षामा स्नातक उत्तीर्ण मलङ्गियाले जनकपुरमा रहेर मैथिली नाटकको विस्तार र विकासमा निरन्तर योगदान पुऱ्याउँदै आउनुभएको छ । मैथिली मासिक पत्रिका लोकवेद, भिदेहक नगरी मैथिली कविता सङ्ग्रहका सम्पादक उहाँ रेडियो जनकपुर ९७ मेघाहर्जका स्टेजन म्यानेजर हुनुहुन्छ । पाठ्यक्रम विकास केन्द्र सानोठिमीद्वारा प्रकाशित कक्षा ९ र १० को मैथिली किताबका लेखक र सम्पादक उहाँ मिथिला नाट्य कला परिषद् (मिनाप) का निर्देशक एवं मैथिली लोक रङ्, नयाँ दिल्लीका अध्यक्ष हुनुहुन्छ ।

वरिष्ठ नाट्यकर्मी मलङ्गियाका एक सयभन्दा बढी पूर्णाङ्की नाटक पुस्तक, १४ ओटा रङ्गमञ्च नाटक, २० ओटा एकाङ्की नाटक, १२ ओटा रेडियो नाटक, १३ ओटा सडक नाटक, १४



ओटा अनुसन्धानात्मक निबन्धहरू प्रकाशित छन् । ओकरा आँगनक बाह्रमासा, जुवायल कन्कनी, गाम नई सुईत, कथक लोक, ओ खाली मुह देखाईछै उहाँका चर्चित मैथिली नाटकहरू हुन् ।

वरिष्ठ नाट्यकर्मी मलङ्गिया राष्ट्रिय व्यक्तित्व सम्मान, मावन संशाधन विकास मन्त्रालय भारत, बैदेही सम्मान, राँची, भानु कलासम्मान (२०४५), सर्वनाम सम्मान (२०५१), जिविस सम्मान धनुषा (२०५७), बैद्यनाज- सियादेवी सम्मान, काठमाडौं (२०४८), आरोहण सम्मान (२०४९), चेतना समिति सम्मान, पटना (सन् १९९५), विद्यापति सेवा सम्मान, दरबङ्गा (सन् १९६६), आई.पि.टि.ए. सम्मान, मधुवनी (सन् २००३ र २००४) सहित विभिन्न सम्मानबाट सम्मानित भइसक्नुभएको छ ।

# रङ्गमञ्चकी शिखर महिला हस्ती



काठमाडौं । नेपाली नाट्य क्षेत्रमा पाँच दशकदेखि निरन्तर योगदान पुऱ्याउँदै आउनु भएकी वरिष्ठ अभिनेत्री एवं नाटक निर्देशक शकुन्तला गुरूङ शर्मा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा पुरस्कृत हुनुभएको छ । यस प्रतिष्ठानले उहाँलाई नाटकतर्फको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार–२०७२ बाट १३ असार २०७३ सालमा काठमाडौंमा एक समारोहबीच पुरस्कृत गऱ्यो ।

उहाँको जन्म ३० मंसिर २००८ सालमा काठमाडौंको लाजिम्पाटमा बुबा आसमान गुरूङ र आमा तीर्थकुमारी गुरूङबाट भएको हो । प्रवेशिकासम्म अध्ययन गर्नुभएकी शकुन्तलाले कलाकार हरिहर शर्मासँग विवाह गरेपछि उहाँसगै निरन्तर नाटकमा लाग्नुभयो । २०२६ देखि २०६६ सालसम्म नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा नाट्य कलाकार तथा नाट्य निर्देशकको रूपमा रहनुभएकी उहाँले २०२३ देखि २०३८ सालसम्म रेडियो नेपालमा उद्घोषिकाको रूपमा पनि सेवा गर्नुभयो ।

नाट्यकर्मी शर्माले तीन दर्जन नाटकमा अभिनय, एक दर्जन नाटकको निर्देशन र दुई दर्जन चलचित्र, टेलिचलचित्रमा अभिनय गर्नुभएको छ । उहाँले अभिनय गर्नुभएको चर्चित नाटकहरूमा डोला मैया, मुटुको व्यथा, पत्थरको कथा, कीर्तिपुरको युद्ध, च्यातिएको पर्दा, पृथ्वीनारायण शाह, सत्यवान सावित्री, फर्कर हेर्दा, पुरानो घर आदि पर्दछन् । उहाँले पुरानो घर, अन्धवेग, लौरोलौरो, विष्णुमाया, किरातार्जुनीय जस्ता नाटकको निर्देशन गरिसक्नुभएको छ ।

वासुदेव, बदलिँदो आकाश, मायाप्रीति, चोखोमाया, चेलिबेटी, जीवनरेखा, मृगतृष्णा, संकल्प, मेरो लभस्टोरी, क्लासिक, हिजो आज भोलि जस्ता थुप्रै चलचित्र एवं टेलिचलचित्रमा अभिनय गर्नुभएको छ । उहाँ गोरखा दक्षिणबाहु, इन्द्रराज्य लक्ष्मी पुरस्कार, सर्वनाम पुरस्कार, सर्वश्रेष्ठ चरित्र अभिनेत्री चलचित्र अवार्ड, सरस्वती सम्मान, बालकृष्ण सम सम्मान, प्रज्ञा प्रतिष्ठान दीर्घ सेवा पदक, राष्ट्रिय प्रतिभा पुरस्कार जस्ता थुप्रै मानपदवीबाट सम्मानित हुनुहुन्छ ।

# संस्कृतिमन्त्री पोखरेलद्वारा राष्ट्रिय नाटक महोत्सव उद्घाटन



दोलखा । संस्कृति तथा पर्यटन नागरिक उड्डयनमन्त्री आनन्दप्रसाद पोखरेलले दोखलाको चरिकोटस्थित सिम्पानेमा रहेको सामुदायिक भवनमा २६ जेठबाट सुरू भएको राष्ट्रिय नाटक महोत्सव-२०७३ को उद्घाटन २६ जेठ बिहान गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि मन्त्री पोखरेलले अतिथि कलाकार बनेर नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को नाटक खाङ्लाको एउटा संवाद बोलेर नाटक महोत्सव उद्घाटन गर्नुभएको हो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित नाटक महोत्सवमा सुरूमा मन्त्री पोखरेलसहित यस प्रतिष्ठानका कुलपति सरूभक्त, प्राज्ञहरू तथा अग्रज नाट्यकर्मीलाई दोलखावासीले फूलमाला लगाएर स्वागत गरेका थिए ।

मन्त्री पोखरेलले पहिलो पटक दोलखामा नाटक महोत्सव हुन लाग्नु महत्वपूर्ण भएको बताउँदै यसले जिल्लाको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने धारणा राख्नुभयो । मन्त्री पोखरेलले हिमाल, पहाड र तराई जोड्न पनि दोलखामा नाटक महोत्सव आयोजना गरिएको जानकारी दिनुभयो । यो राष्ट्रिय नाटक महोत्सव नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्रथम कुलपति वरिष्ठ संगीतकार स्व.अम्बर गुरूङप्रति समर्पित रहेको बताउँदै मन्त्री पोखरेलले महोत्सवले दोखलामा नाटक मञ्चनको विकाशमा टेवा पुऱ्याउने छ भन्नुभयो । मुलुकको पर्यटन क्षेत्रको विकास गर्न सरकारले पर्याप्त मात्रमा बजेट विनियोजन गरेको पनि उहाँले जानकारी दिनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले भूकम्पले तहस-नहस भएको दोलखामा पहिलो पटक नाटक महोत्सव गर्न पाउनु खुसीको कुरा भएको बताउँदै महोत्सवले नयाँ नयाँ कलाकार जन्माउने धारणा राख्नुभयो । प्रतिष्ठानका संस्थापक कुलपति गुरूङको निधन भएको भोलिपल्टै राष्ट्रिय नाटक महोत्सव उनीप्रति समर्पित भएको जानकारी गराउनुभयो । मोफसलबाट राम्रा र सक्षम कलाकार उत्पादन गर्न यस्ता नाटक महोत्सव उपयोगी सावित हुने धारणा राख्दै कुलपति सरूभक्तले आफू अहिलेको अवस्थामा आइपुग्न यस्तै महोत्सवले सहयोग पुऱ्याएको बताउनुभयो ।

महोत्सव संयोजक एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पुष्कर गुरूङले दोलखा धेरै कुराले सम्पन्न भएको र नाट्य क्षेत्रमा पनि दोखलावासीको आकर्षण बढ्दै गएकाले महोत्सव गरिएको बताउनुभयो । उहाँले महोत्सवमा विभिन्न नौवटा नाटक मञ्चन गर्न लागिएको जानकारी गराउनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य प्राज्ञ रमेशरञ्जन झाले दोलखामा पहिलोपटक राष्ट्रिय नाटक महोत्सव आयोजना गरिन लाग्नुको उद्देश्य भूकम्पबाट त्रसित जिल्लावासीको मनोविज्ञानलाई सामान्य अवस्थामा फर्काउनु रहेको हो भन्नुभयो । यस्तो महोत्सवबाट नाटकमा स्थानीय भाषा, जीवन, रहनसहन, संस्कृति प्रकट हुने भएकाले ज्यादा मौलिक देखिने भनाइ उहाँको थियो ।

महोत्सवलाई दोलखामा आयोजना गरिएकोमा अग्रज नाट्यकर्मी मदनदास श्रेष्ठले खुसी व्यक्त गर्दै पहिलो पटक राजधानीबाट दोलखामा महोत्सव गरिएकाले मोफसलमा नाटकका विकासमा प्रेरणा मिल्ने

बताउनुभयो ।

सौन्दर्य, कला र संस्कृति सभ्यताको मूल आधार भन्ने नाराका साथ राष्ट्रिय नाटक महोत्सवको आयोजना नेपाल संगीत तथा नाट्या प्रज्ञा प्रतिष्ठानले गरेको हो । महोत्सबको उद्घाटन समारोहमा प्राज्ञहरू खेम नेपाली, प्रकाश घिमिरे पनि अतिथि हुनुहुन्थ्यो । उहाँहरू नाटक महोत्सवभरि रहनुभयो । नाटक महोत्सवको पहिलो दिनदेखि अन्तिम दिनसम्मको कार्यक्रम प्राज्ञ खेम नेपालीले सञ्चालन गर्नुभएको थियो ।

महोत्सवमा दर्शकको उपस्थिति सोचेको भन्दा बढी भएपछि नाटक हेर्न अग्रिम प्रवेश पासको व्यवस्था गरिएको थियो । तीन सय दर्शक क्षमता भएको हलमा पाँच सयसम्म दर्शकले नाटक हेरेका थिए ।



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा गत २६ देखि ३० जेठसम्म दोलखाको चरिकोटस्थित सिम्पानेमा रहेको सामुदायिक भवनमा पाँच दिवसीय 'राष्ट्रिय नाटक महोत्सव-२०७३' सम्पन्न भएको छ ।

प्रतिष्ठानको नाटक विभागका संयोजक एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङको संयोजकत्वमा नाटक महोत्सव सम्पन्न भएको हो ।

महोत्सव सम्पन्न गर्न प्राज्ञ गुरूङको संयोजकत्वमा नौ सदस्यीय महोत्सव आयोजक समिति गठन गरिएको थियो । समितिका सदस्यहरूमा प्राज्ञ परिषद् सदस्य एवं रङ्गमञ्च विभागका संयोजक रमेश रञ्जन झा, प्राज्ञ सभा सदस्यहरू खेम नेपाली, प्रकाश घिमिरे, आशाकाजी श्रेष्ठ, प्राज्ञहरू मदनदास श्रेष्ठ, रमेश बुढाथोकी, अग्रज नाट्यकर्मी एवं अभिनेता कृष्ण मल्ल र नाटक निर्देशक एवं अभिनेता अनुप बराल हुनुहुन्थ्यो ।

सो समितिले नाटक महोत्सवका लागि दैनिक अखबारमा सूचना प्रकाशन गरेपछि विभिन्न नाट्य संस्थाले नाटकहरू पठाए । सो सूचनाका आधारमा विभिन्न नाट्य संस्थाबाट दुई दर्जनभन्दा नाटकहरू मञ्चनका लागि आए ।

समितिद्वारा तय गरिएको नियमअनुसार मञ्चन गरिने नाटक यसअघि मञ्चन नगरिएको हुनुपर्ने थियो । सोही नियमका आधारमा आफूहरूले प्राप्त नाटकमध्यबाट नौवटा नाटक महोत्सवमा मञ्चन गर्न चयन गरेको महोत्सव संयोजक गुरूङले जानकारी गराउनुभयो ।

# यसरी छानिए नौ नाटक

यसरी चयन भएका नाटकहरूमा सोलो थिएटर काभ्रेबाट 'पेङ दोर्जे', निम्फा दोलखाबाट 'बिहेको चटारो', चुलाचुली रङ्गमञ्च समूह इलामबाट 'देवाङ्सी राजा', एमआर्ट थिएटर काठमाडौंबाट 'आहार्या', मिथिला नाट्यकला परिषद् जनकपुरबाट 'उधार जुत्ता', लोक सञ्चार नाट्य समूह, काठमाडौबाट 'सखी', विराट मैथिली नाट्यकला परिषद्, विराटनगरबाट 'जिउँदो आकाश', आरोहण, विराटनगरबाट 'महादेवको बाजी' र तरङ्ग सांस्कृतिक परिषद् हेटौंडाबाट 'केरमेट सपना' रहेको थियो ।

यी नाटकहरूमध्ये उधार जुत्ता र सखी मैथिली भाषामा थियो । यस्तै, नाटक पेङ दोर्जे तामाङ भाषामा मञ्चन गरिएको थियो । बाँकी सबै नाटक नेपाली भाषामा मञ्चन गरिएको थियो । यसरी छानिएका नौ नाटकलाई मञ्चनका लागि तयार गर्न नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट सम्बन्धित नाट्य संस्थालाई आवश्यक रकम पनि प्रदान गरिएको थियो । नयाँ नाटक तयार गर्नकै लागि मञ्चन खर्च आफूहरूले सम्बन्धित नाट्य संस्थालाई प्रदान गरेको महोत्सव संयोजक गुरूङले जानकारी गराउनुभयो ।



दोलखा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा गत २६ देखि ३० जेठसम्म दोलखाको चरिकोटस्थित सिम्पानेमा रहेको सामुदायिक भवनमा आयोजित 'राष्ट्रिय नाटक महोत्सब-२०७३' को पहिलो दिन उद्घाटन सत्रमा तामाङ भाषाको नाटक 'पेङ दोर्जे' को मञ्चन गरियो ।

तामाङ संस्कृतिको संरक्षणमा क्रियाशील सेलो थिएटरले यो नाटक मञ्चन गरेको हो । नाटकको लेखन शान्ति वाइवाले गर्नुभएको हो । शान्ति वाइवा र कलाकार बुद्धि तामाङले नाटकको संयुक्त निर्देशन गर्नुभएको थियो ।

र संस्कृतिलाई पनि अपनाउँछ । सोही कारण उसभित्र ज्ञान र चेतनाको पनि पश्चिमाकरण हुँदै जान्छ । ऊ तामाङ सेलोभन्दा अंग्रेजी गीत/सङ्गीत र सभ्यतामा रमाउन पुग्छ ।

सोही क्रममा उसको हजुरआमाको निधन हुन्छ । यसपछि गाउँमा हजुरबुबा एक्लै हुन्छन् । पेङ दोर्जे आफू एक्लो भएपछि आफ्नो छोरा नातिलाई पछ्याउँदै अमेरिका पुग्छन् । अमेरिका पुगेर पनि उनी त्यहाँको जीवनशैली र संस्कृतिमा परिणत हुन सक्दैनन् । सोही कारण यी हजुरबुबा र नातिबीचको मनोवैज्ञानिक द्वन्द्व सुरु हुन्छ । हजुरबुबाले आफ्नै संस्कृति तामाङ सेलो, ताम्बा गाउँको, आफ्ना कला संस्कृतिको, डम्फु र तामाङ सेलोको यादले सताउँछ । ऊ यी कुराको महत्व सम्झेर पश्चातापमा छट्पटिन्छ । र, नाटकको अन्त्य हुन्छ ।

यसरी आधुनिकताले ल्याएको सांस्कृतिक विचलनको कथामा नाटक केन्द्रित छ । आर्थिक, सांस्कृतिक, भू-मण्डलीकरण र बसाइँसराइले अल्पसंख्यक समुदायको पहिचानमा आइपरेको समस्या नै यो नाटकको मुख्य विषयवस्तु हो ।

नाटक पेङ दोर्जेमा कलाकारहरू बुद्धि तामाङ, लक्ष्मण थोकर, रामबहादुर थोकर, सन्तोष तामाङ, अविसन लामा, शान्ति वाइवा,

# डम्फु र तामाङ सेलोको पक्षमा पेङ दोर्जे



तिमाल गाउँमा एक पात्र ङिमा तामाङको वरिपरि यो नाटकको कथा घुमेको छ । ङिमा र उनका हजुरबुबा पेङ दोर्जेबीचको पुस्ताअन्तरले निम्त्याएको समस्यामा नाटक केन्द्रित थियो ।

ङिमाको ग्रामीण परिवेशबाट नाटक सुरु हुन्छ । सांस्कृतिक परम्पारअनुसार गाउँमा राखिएको ङिमा नाम परिवर्तन गरेर सो तामाङ युवा निमा बन्छ । ऊ अमेरिका जान चाहन्छ । जसका लागि उसले अमेरिका जाने चिठ्ठा डिभी फारम भर्छ । नभन्दै निमालाई डिभी पर्छ ।

निमा आफ्ना बुढा हजुरबुबा र बुढी हजुरआमालाई गाउँमै छाडेर अमेरिका जान्छ । गाउँबाट अमेरिका पुगेको निमा अमेरिकी परिवेशमा घुलमिल हुने क्रममा निम्स नामले चिनिन थाल्छ । उसले आफ्नो नाम परिवर्तनसँगै त्यहाँको जीवनशैली, भाषा, भेषभुषा, रहनसहन काइतेन, फापरे व्हाई गाउनुपर्ने सुझाब दिन्छन् । तर त्यसलाई बेवास्ता गर्दै निम्स गिटारमा एमी वाइनहाउसको गीतको नक्कल गर्नमा रमाउँछ ।

यसरी गीत, भाषा र रहनसहनकै कारण मनोवैज्ञानिक मनमुटाब बढ्दै गएपछि हजुरबुबालाई त्यहाँ बस्न मन लाग्दैन । उनी आफ्नै देश नेपाल फर्कन्छन् । आफ्नो माटोमा रमाउँछन् । आफ्नै तामाङ सेलो गाउँछन् । एक दिन गाउँमा स्याउला काट्न जाँदा भीरबाट लडेर हजुरबुबाको मृत्यु हुन्छ । यसरी पेङ दोर्जेले आफ्नै भूमिमा, आफू हुर्किएको माटोमा जीवन त्याग्छन् । हजुरबुबाको दुःखद मृत्युको खबर सुनेर नाति निम्स स्तब्ध हुन्छ । हजुरबुबा गाउँ नफर्किएको भए त्यस्तो मृत्यु हुँदैन थियो भन्ने उसलाई लाग्छ । त्यतिबेला उसलाई आफ्नो निमा वाइवा, विजय लामाले अभिनय गर्नुभएको थियो । नाटकको मञ्च परिकल्पनाकार पीएम लामा हुनुहुन्थ्यो । मञ्चलाई सन्तोष तामाङ, विजय लामा र अविसन लामाले निर्माण गर्नुभएको थियो । नाटकमा जगत तामाङले ध्वनि परिचालन र बुद्धि तामाङले भेषभुषा संयोजन गर्नुभएको थियो ।

नाटक महोत्सवका प्रमुख अतिथि संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री आनन्दप्रसाद पोखरेलले महोत्सवको उद्घाटन सत्रमा मञ्चित यो नाटक पूरा समय हेर्नुभयो । नाटक मञ्चन सकिएपछि उहाँले नाटकसँग सम्बन्धित कलाकार, प्राविधिक, लेखक, निर्देशकलाई ट्रफी तथा प्रशंसापत्र प्रदान गर्नुभयो । उहाँले नाटकको प्रशंसा गर्दै मौलिक संस्कृति संरक्षण र यसको प्रवर्द्धन गर्नुपर्छ भन्ने महत्वपूर्ण सन्देश यो नाटकले बोकेको बताउनुभयो ।



# मञ्चमा थामीको बिहे संस्कार

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाको प्रमुख आतिथ्यमा 'राष्ट्रिय नाटक महोत्सव-२०७३' को दोस्रो दिन नाटक मञ्चन गरियो । २६ जेठबाट दोलखाको चरिकोटस्थित सिम्पानेमा सुरू भएको महोत्सवको दोस्रो दिन पहिलो सत्रमा दर्शकले थामी समुदायको विवाह संस्कार हेर्ने अवसर पाए ।

राष्ट्रगानका संगीतकार एवं अग्रज संगीतकार अम्बर गुरूङमा समर्पित नाटक महोत्सवमा दोस्रो दिनको पहिलो सत्रामा दर्शकको अत्यधिक भीड बढेपछि नियन्त्रणका लागि पास बाँड्नुपरेको थियो ।

थामी समुदायको वैवाहिक सम्बन्धमा आधारित नाटक 'बिहेको चटारो' मा दर्शकले उनीहरूको विवाह संस्कारलाई नजिकबाट नियाल्ने अवसर पाए । थामी जाति आदिवासी जनजाति समुदायका हुन् । उनीहरूको बसोबास दोलखा जिल्ला र यसको आसपासमा रहेको छ । थामी जातिको विवाहको केही संस्कार किराँत समुदायसँग मिल्दो छ । केही संस्कार भने हिन्दु समुदायको हुबहु रहेको छ । यी दुवै संस्कार मिश्रित भएकाले पनि दर्शकलाई यो नाटकमा विवाह संस्कार रमाइलो लागेको थियो । थामी जातिको विवाहलाई स्थानीय रंगकर्मीहरूले प्रत्यक्ष मञ्चमा उतारेका थिए ।

दोलखाको नेपाल इन्स्टिच्युट अफ म्युजिक एन्ड आर्टस (निम्फ) ले यो नाटक मञ्चन गरेको हो । नाटकको प्रारम्भिक कथाअनुसार स्कुल पढ्दै गरेकी छोरीलाई विवाह गर्न बुबाआमाको हतारो हुन्छ । छोरीले आफ्ना साथीको उदाहरण दिँदै स्कुलसम्मको पढाइ सकेर मात्र विवाह गर्ने चाहना व्यक्त गर्छिन् । बुबाआमाको दबाबसामु उनको चाहना दबिन्छ । अन्ततः उनी विवाह गर्न बाध्य हुन्छिन् ।

यसपछि नाटकमा विवाहको विविध कार्य सुरु हुन्छ । लमीका साथ आएका केटा पक्षले सगुन (पोङ) दिएर विवाहको प्रस्ताव राख्ने, विवाहमा केटी पक्षबाट पालन पोषणको मूल्य माग्ने, सो मूल्य दिन केटा पक्ष तयार हुने जस्ता कार्य गरिन्छ । त्यसपछि विवाहको कुरा छिनिन्छ ।

नाटकमा बेहुली पक्षको विवाहको तयारी, बेहुला र जन्तीको आगमन, बेहुला र जन्तीलाई पर्सिने, स्वयंबर गर्ने जस्ता कार्य हुन्छ । यसपछि जन्तीलाई पोङसहितको विवाह भोज खुवाइन्छ । नाटकमा जन्ती पक्षलाई पोङ खुवाउँदाको दृश्य निकै रमाइलो थियो ।

विवाहमा गोडा धुने, कन्यादान गर्ने, सिन्दूर हाल्ने, पोते लगाउने, माउर खुवाउने जस्ता कार्यलाई मञ्चमा जीवन्त देखाइयो । छोरीलाई बिदाइ गर्दा बुबाआमासँगै माइत छाडेर सधैंका लागि कर्म घर जानेक्रममा बेहुलीको रोदनले दर्शकको आँखा रसाएको थियो ।

यो नाटकलाई स्थानीय रंगकर्मी दिलु थापाले निर्देशन गर्नुभएको हो । बिहेको चटारोमा थामी कलाकारलाई समेत उतारेर नाट्य प्रस्तुतिलाई जीवन्त तुल्याइएको थियो ।

यो नाटकमा थामी समुदायका कलाकार जानकी थामी, सुवास थामी, कविता थामीको अभिनय थियो । जसमा कलाकार अप्सरा खत्री, अजुन श्रेष्ठ, विष्णु सिवाकोटी, सविना घतानी, सचिन श्रेष्ठ, ईश्वर विक, ईश्वर रोकाय, विश्वदीप थपलिया र राजन बुढाथोकीको पनि अभिनय थियो । नाटक भीमसेन सुवेदीले लेख्नुभएको हो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले नाटक मञ्चनपछि कलाकार र प्राविधिकलाई ट्रफी तथा प्रमाणपत्र वितरण गर्नुभयो । दोलखाली कलाकारले स्तरीय नाटक मञ्चन गरेको बताउँदै उपकुलपति बासकोटाले महोत्सवबाट राष्ट्रियस्तरका कलाकारको काम हेरेर स्थानीय कलाकारले अझ सिक्ने अवसर पाएको धारणा राख्नुभयो । महोत्सवमा सोचेको भन्दा बढी दर्शकको उपस्थिति देखेर मोफसलमा पनि नाटकको क्रेज बढेको उहाँले बताउनुभयो ।





# देवाङ्सी राजाको सान

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाको प्रमुख आतिथ्यमा 'राष्ट्रिय नाटक महोत्सव– २०७३' को दोस्रो दिन नाटक मञ्चन गरियो। महोत्सवको दोस्रो दिन २७ जेठको दोस्रो सत्रमा नाटक 'देवाङ्सी राजा' मञ्चन गरियो। २०६५ सालमा इलाममा स्थापना भएको नाट्य समूह चुलाचुली रङ्गमञ्च इलामले यसपटकको महोत्सवमा यो नाटक मञ्चन गरेको हो ।

नाटकलाई अनिल सुब्बाले निर्देशन गर्नुभएको थियो । नाटक मञ्चन हुनुअघि निर्देशक सुब्बाले कार्यक्रममा भन्नुभयो, 'यस नाटकको परिवेश, चरित्र ग्रामीण समाजमा बाँचिरहेका मान्छेको वास्तविक जीवनमा आधारित कथा हो। यसमा अन्य नाटकहरूको तुलनामा फरक विषय, शैली र प्रस्तुति देखाउन खोजिएको छ।'

नाटकको कथाअनुसार पञ्चायतीकालमा राजाको जन्मोत्सव विभिन्न कार्यक्रम गरेर मनाइन्छ। जन्मोत्सवमा लिम्बुवान क्षेत्रमा सात गाउँका युवाहरूबीच दौड प्रतियोगिता हुन्छ। प्रतियोगितामा प्रेम लिम्बूले दौड जित्छ। त्यस क्षेत्रको देवाङ्सी राजाको रूपमा उसलाई घोषणा गरिन्छ। सो क्षेत्रमा देवाङ्सीको राज चल्छ । उसका अघि–पछि युवाहरू हुन्छन् । त्यो सात गाउँमै देवाङ्सीलाई निकै आदर सम्मान गरिन्छ। गाउँमा झैझगडा हुँदा पञ्च भेला डाकेर देवाङ्सीको आदेशमा निसाफ गरिन्छ ।

पेसाले देवाङ्सी धामी हुन्छन्। गाउँमा विरामी भएकाहरूको साँझ बिहान नभनी कुनै पनि समयमा गएर झारफुक गर्नु उसको दैनिकी हुन्छ । गाउँमा चाडपर्व आउँछ । सबैजना भएर चण्डी नाच नाच्छन् । सोही क्रममा एउटी महिला देवाङ्सीलाई मन पर्छ। ती भट्टिवाली महिलालाई देवाङ्सीले भगाएर विवाह गर्छ ।

उनीहरूको जीवन चलिनै रहेको हुन्छ । सोही क्रममा एकदिन श्रीमती पेट दुखेर छट्पटाएकी हुन्छे। गाउँबाट एकजना बिरामीका आफन्त झारफुकका लागि देवाङ्सीलाई बोलाउन आउँछन् । आफ्नी बिरामी श्रीमतीलाई ओछ्यानमै छाडेर उनी झारफुकका लागि गाउँ जान्छन्। झारफुक सकेर घर आउँदा श्रीमतीको मृत्यु भइसकेको हुन्छ । यसपछि पत्नी वियोगमा देवाङ्सी राजा छट्पटाउँछन् र जाँड रक्सीको कुलतमा फस्छन्। आफ्नो सबै मानपदवी खोसिए पनि ऊ आफूलाई देवाङ्सी राजा भनेर घोषणा गर्न छाड्दैन ।

यो नाटकमा यसरी पद र मानपदवीले सम्बन्धित व्यक्तिको जीवनमा पारेको असरलाई नाट्य रूपान्तरण गरेर मञ्चमा उतारिएको छ। लिम्बू जातिको संस्कृतिमा आधारित यो नाटकमा उनीहरूको चाडपर्व जीवनशैली र समाजको अवस्था पनि देखाइएको छ ।

नाटक देवाङ्सी राजामा निर्देशक अनिल सुब्बासँगै रमिता राई, केशर भुजेल, निरमाया आङ्देम्बे, मानङ लावती, जेम्स लिम्बू, रञ्जित शंकर, सञ्जय लाम्गादेलगायतको अभिनय थियो। स्थानीय लवज, भेषभुषा तथा सार्थक अभिनयका कारण नाटकले दर्शकबाट महोत्सवमा प्रशंसा पायो ।

नाटक मञ्चनपछि सहभागी कलाकार तथा प्राविधिकलाई प्रमाणपत्र तथा ट्रफी वितरण गर्दै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले भन्नुभयो, 'गत वर्षको भूकम्पले क्षति पुऱ्याएको दोलखालाई फेरि माथि उठाउन हामीले यो नाटक महोत्सव दोलखाको चरिकोटमा गरेका हौं । आज नाटकमा दर्शकको भीड देख्दा राजधानीमा जस्तै मोफसलमा नाटक हेर्ने दर्शक रहेको पुष्टि भएको छ।' उहाँले आउँदा दिनमा पनि नाटक महोत्सवलाई मोफसलमा आयोजना गरिने प्रतिबद्धता जनाउनुभयो ।



# आहार्यामा गुमनाम नेपाली चेलीको पीडा

दोलखा। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा गत २६ देखि ३० जेठसम्म दोलखाको चरिकोटस्थित सिम्पानेमा रहेको सामुदायिक भवनमा सम्पन्न पाँच दीवसीय 'राष्ट्रिय नाटक महोत्सव-२०७३' को तेस्रो दिन २८ जेठको पहिलो सत्रमा नाटक 'आहार्या' मञ्चन गरियो।

यो नाटकलाई काठमाडौंको एम आर्ट थिएटरले प्रस्तुत गरेको हो। नाटकलाई सोही थिएटरका अध्यक्ष एवं अग्रज नाट्यकर्मी वीरेन्द्र हमालले निर्देशन गर्नुभएको थियो। यो नाटकलाई निर्देशक हमालले नै लेख्नुभएको हो। नेपालका विभिन्न कालखण्डमा सीता, भृकुटी जस्ता थुप्रै चेलीहरूको विवाह विदेशीसँग भयो। सीता र भृकुटीबाहेक अरू चेलीहरू विवाहपछि देश छाडेर आफ्नो माइतबाट विदेश गएपछि उनीहरूमाथि त्यहाँको दरबारमा हुने गरेको हिंसा र उनीहरूको गुमनाम प्रसंगलाई आधार बनाएर आफूले यो नाटक तयार गरेको निर्देशक हमालले जानकारी गराउनुभयो।

एक युवतीको शरीरमा चढेको मृत आत्माको रोदन र छट्पटाहटबाट नाटक सुरू हुन्छ। ती युवतीका सामु एक झाँक्री छन्। झाँक्रीले ती युवतीमा चढेको आत्मासँग तन्त्र र मन्त्रको विधिबाट सात्क्षात्कार गर्छन्। सुरूमा नबोल्ने त्यो आत्मा अन्त्यमा बोल्न बाध्य हुन्छे। आफू नेपालको एक समयको दरबारकी राजकुमारी आहार्या भएको त्यो आत्माले परिचय दिन्छे। त्यो आत्माले आफ्नो कुरा सुनाउन चाहन्छे। हजारौं वर्ष भइसक्दा पनि आफ्नो कुरा कसैले नसुनिदिएकोमा आत्मालाई पीडा हुन्छ। ऊ आफ्नो पीडा माइती देशलाई सुनाएर, आफ्नो परिचय दिएर मुक्त हुन चाहन्छे। यिनै कारणले गर्दा सो आत्मा ती युवतीको शरीरमा चढेकी छे।

झाँक्रीको केही क्षणको प्रयासपछि आहार्यले आफ्नो कथा बताउँछे। नाटकको कथाअनुसार आहार्या एउटा दरबारमा राजकुमारी हुन्छे। उनको स्थानीय एक युवासँग प्रेम हुन्छ। आहार्या आफ्नो प्रेमीसँग गीत गाउँदै वन जंगल घुम्छे। उनीहरू हरेक भेटमा रमाउँछन्। एकले अर्कालाई अथाह माया गर्छन्। तर आहार्यालाई एकदिन घरपरिवारले छिमेकी मुलुकका राजकुमारसँग विवाह गरिदिन्छन्। उनी आफ्नो प्रेमी, आफ्ना साथीसंगी, माइती र देश नै छाडेर घरबार गर्न विदेश जान्छिन्। त्यहाँ उसले सुख पाउँदिन। उसलाई पतिले निरन्तर यातना दिन्छ। ऊ आफ्नो प्रेमीको वियोग,



माइतीको सम्झना र पतिको यातनामा तड्पिन्छे। यसरी यातनाकै क्रममा दरबारभित्रै आहार्याको मृत्यु हुन्छ। उनलाई पतिले दरबारभित्रै खाल्डो खनेर गाडिदिन्छन्। यसरी दरबारको खाल्डोमा गाडिएकी आहार्याको आत्मा आफ्नो कथा माइतीलाई सुनाएर आफ्नो पीडा पोखेर मुक्ति पाउन चाहन्छे। उसले आफ्नो सबै कथा यसरी झाँक्रीलाई सुनाउँछे। आहार्याको पीडायुक्त कथा सुनेर झाँकी दुःखी हुन्छन्। अन्त्यमा झाँक्रीले तन्त्र मन्त्र विधिबाट आहार्याको आत्मालाई मुक्ति दिन्छन्। युवतीको शरीरबाट आहार्या सधैंको लागि मुक्त भएर जान्छे।

यो नाटकमा एम आर्ट थिएटरका कलाकारहरूको अभिनय थियो। संगीत सुब्बाको सहनिर्देशन रहेको यो नाटकमा सुदर्शन पाण्डे र सङ्गीत सुब्बाको प्रकाश परिचालन, कवि राई र खेमानन्द जैसीको मञ्च निर्माण तथा व्यवस्थापन, सपनासिंह ठकुरी र चन्द्रा पाण्डेको भेषभुषा थियो। नाटक मञ्चनपछि आहार्यामा सहभागी कलाकार तथा प्राविधिकलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट ट्रफी तथा प्रमाणपत्र प्रदान गरिएको थियो।



नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकाद्वारा आयोजित राष्ट्रिय नाटक महोत्सव-२०७३ को चौथो दिन २९ जेठको पहिलो सत्रमा दर्शकले मैथिली भाषाको नाटक 'सखी' हेर्ने अवसर पाए ।

लोक सञ्चार नाट्य समूह, काठमाडौंको प्रस्तुति रहेको यो नाटकलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले लेख्नुभएको हो । नाटकलाई रङ्कर्मी घिमिरे युवराजले निर्देशन गर्नुभएको थियो ।

सविन कट्टेलले रङ्गमञ्चलाई तराईको एक गाउँको घरको रूपमा उतार्नु भएको थियो । सोही कारण पनि नाटक तराईको मिथिला बस्तीको कथा हो भन्ने प्रस्टिएको थियो । पवित्रा खड्काको भेषभुषाले पात्रहरूलाई

# द्वन्द्वको कथा बोकेको सखी



मिथिला परिवेशमा ढालेको थियो । जीवन बरालको प्रकाश परिचालनले नाटकलाई कलात्मक र सजीव तुल्याएको थियो ।

कथाअनुसार एक किसान छ । ऊ आफ्नो खेतीको कमाईले दुःख सुख गर्दै जीवन ब्यतित गर्दैछ । उसलाई एकदिन नेपाली सेनाले माओवादी भएको आरोपमा पक्राउ गरेर लैजान्छ र बन्दी बनाएर राख्छ ।

सोही क्रममा किसानको किशोर छोरोलाई माओवादी छापामारहरूले युद्धमा लैजाने तयारी गर्छन् । तर त्यो छोरोकी साथी (युवती) ले आफ्नो सबैभन्दा प्रिय साथी (सखी) बाख्रो दिएर पठाउँछन् ।

त्यो बाख्रो पाएपछि उनीहरूले किशोरलाई छाड्छन् र उसको ठाउँमा बाख्रो लिएर जान्छन् । किशोरलाई माओवादी छापामार बन्नबाट जोगाउन सकेकोमा उसकी आमा र दिदीले पनि केही राहतको महसुस गर्छन् । ती किशोरलाई माओवादी कब्जामा पर्न नदिन आफूले गरेको प्रयास सफल भएकोमा ती युवती जति खुसी हुन्छिन्, आफ्नो प्रिय बाख्रो (साथी) गुमाउनु परेकोमा त्यत्तिकै दुःखी पनि हुन्छिन् ।

नाटकमा जनयुद्धको कारण मानवीय संवेदना घट्दो अवस्थामा रहेको र त्यो भन्दा बढी संवेदना र प्रेमभाव मानव र एक घरपालुवा पशु (बाख्रो) बीच भएको देखाइएको छ । यो नाटकले त्यतिबेला द्वन्द्वका कारण मानवीय संवेदनाहीन बन्दै प्रसंगलाई खरो व्यंग्य गरेको छ । राज्य पक्षका सेना र विद्रोही पक्षका जनमुक्ति सेनाको चेपुवामा आमनेपाली परेको प्रसंग यसमा उठाइएको थियो । सोही कारण पनि नाटक निकै रोचक र सशक्त बनेको थियो ।

यो नाटकमा मैथिली भाषी कलाकारहरू प्रमोद अग्रहरी, माधवी कर्ण, संगीता उराउ, निलेश झा, प्रियङ्का झालाई अभिनय गराइएकाले पनि उनीहरूको मैथिली संवाद सशक्त थियो । यसमा अन्य कलाकारका रूपमा स्मारिक फुयाँल, विवेक तिवारी, सञ्जु पराजुली, सुरेश जिसी, सुरज पाण्डे, रमेश दहित, देवेन कार्की, नर्सिस लिम्बू, घनश्याम लुइँटेल, सङ्गीता पोखरेल, झकेन्द्र विसी, सन्दीप थपलियाको अभिनय थियो ।

निर्देशक घिमिरे युवराजले आफूलाई मैथिली भाषा राम्ररी नआउने बताए पनि उहाँले मैथिली नाटकलाई मैथिली लवज र वातावरणमै प्रस्तुत गर्नुभयो । नाटक प्रस्तुत गर्न भाषाको त्यति धेरै गाह्रो नपर्ने कुरालाई निर्देशक घिमिरेले यो नाटकबाट प्रस्ट्याइ दिनुभयो । आफूले लेखेको नाटक सखीलाई सोचेको भन्दा राम्रो रूपमा निर्देशक घिमिरे युवराजले मञ्चमा प्रस्तुत गरेको महोत्सवमा सो नाटक मञ्चनपछि लेखक झाले बताउनुभयो ।



# उधार जुत्तामा गरिबीको पीडा

दोलखा । राष्ट्रिय नाटक महोत्सब-२०७३ को तेस्रो दिन २८ जेठको दोस्रो सत्रमा नाटक 'उधार जुत्ता' मञ्चन गरियो । यो नाटकको निर्देशन अनिलचन्द्र झा र परमेश झाले गर्नुभएको थियो ।

प्रा. डा. राजेन्द्र बिमलको चर्चित मैथिली कथा 'उधार जुत्ता'लाई मिथिला नाट्य परिषद्ले यो नाटक महोत्सवमा मञ्चन गरेको हो । मैथिली भाषामा मञ्चन गरिए पनि नाटकमा कलाकारको अभिनयले गर्दा दर्शकलाई नाटक बुझ्न गाह्रो भएन । यो नाटकले दर्शकलाई निरन्तर हँसायो ।

नाटकको कथाअनुसार प्रोफेसरको घरमा जम्मा एक जोर जुत्ता छ । त्यही जुत्ताले सपरिवारले काम चलाउनु परेको छ । प्रोफेसरको एउटा छोराका सोही दिन प्रेमिकासँग डेटिङ छ । अर्को छोराको डान्स प्रतियोगिता छ । त्यस्तै, सालोको त्यो दिन एउटा कार्यालयमा नोकरीका लागि अन्तर्वार्ता छ । प्रोफेसर स्वयंको विशेष कक्षा छ ।

घरमा जम्मा एक जोर जुत्ता भएकाले त्यो जुत्ता ती चारजनामध्ये कसले लगाउने भन्ने तनाव सृजना हुन्छ । एक जोर जुत्ता ती चारजनाले तानातान गर्दा कसैको हातमा सोल आउँछ । कसैको हातमा फित्ता त कसैको हातमा जुत्ताको माथिल्लो भाग छ ।

भएको एकजोर जुत्ता पनि यसरी च्यातिएपछि अब उनीहरू कसरी आफ्नो गन्तव्यमा जाने भन्ने तनावमा हुन्छन् । सोही क्रममा प्रोफेसरका एकजना साथी टुप्लुक्क घरमा आइपुग्छन् । प्रोफेसरकी श्रीमती र ससुराले तत्कालै घरमा सत्यनारायण पूजाको प्रपञ्च रच्छन् । ती पाहुना दिनभर सत्यनारायणको कथा सुन्न व्यस्त हुन्छन् । त्यो समयमा प्रोसेफरसहित उनका दुई छोरा र सालोले पालैपालो ती पाहुनाको जुत्ता लगाएर आफ्नो काम फत्ते गर्छन् । त्यसलगतै प्रोफेसरको जन्मदिनमा परिवारका सबैले नयाँ जुत्ता उपहार दिन्छन् । नयाँ जुत्ता पाएर खुसी भएका ती प्रोफेसरले आफूलाई दिइएको सबै नयाँ जुत्ता आफ्नो नाममा उधारो ल्याएको जानकारी पाउँछन् । उनी बेहोस भएर ढल्छन् । विस्तारै उनी होसमा आउँछन् । तथापि नयाँ जुत्ता पाएकोमा उनी खुसी हुन्छन् ।

यो नाटकमा सुनिल मल्लिक र सङ्गीता देवले प्रत्यक्ष संगीत दिनुभएको थियो । जसमा रामआशिष ठाकुरको शृंगार, शैलेन्द्र मल्लिकको मञ्च व्यवस्थापन थियो । कथालाई अवधेश पोखरेलले नाट्य रूपान्तरण गर्नुभएको थियो । यो नाटकमा मिनापका कलाकारहरू विष्णुकान्त मिश्र, मदन ठाकुर, अनितारानी मण्डल, मुकेश झा, धिरज ठाकुर, रामनारायण ठाकुर र गंगाकान्त झाको अभिनय थियो । नाटक मञ्चनपछि कलाकारलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट ट्रफी तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।





# जिउँदो आकाशमा तेस्रो लिङ्गीको पीडा

दोलखा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा दोलखाको चरिकोटस्थित सिम्पानेमा रहेको सामुदायिक भवनमा आयोजित 'राष्ट्रिय नाटक महोत्सव-२०७३' को चौथो दिनको दोस्रो सत्रमा नाटक 'जिउँदो आकाश' मञ्चन गरियो । यो नेपाली नाटकलाई विराटनगरको विराट मैथिली नाट्यकला परिषद्ले मञ्चमा उतारेको हो । नाटकलाई रोशनकुमार मेहताले निर्देशन गर्नुभएको थियो । 'जिउँदो आकाश'लाई चन्द्रप्रसाद पाण्डेयले लेख्नुभएको हो ।

यो नाटकमा अल्पसंख्यक तेस्रो लिङ्गीहरूको कथा र समस्या उठान गरिएको थियो । तेस्रो लिङ्गी भएकै कारण समाजबाट अपहेलित हुनुपर्दा सम्बन्धित पात्रले भोग्नुपरेको कठिनाइ र उसको मनोदशामा यो नाटक केन्द्रित थियो ।

नाटकको कथाअनुसार एउटा बालक जन्मँदा केटा भएकै कारण उसको नाम गौरव राखिन्छ । ऊ पुरूषको रूपमा जन्मिए पनि विस्तारै महिलाको व्यवहार देखाउन थाल्छ । यसरी आफ्नो छोराले छोरीको व्यवहार देखाउँदा उसका अभिभावक चिन्तित त हुन्छन नै । किन यस्तो भयो भनेर उनीहरूले बुझ्न सक्दैनन् ।

त्यो बालक हुर्कँदै जान्छ । ऊ आफूलाई पनि म नारी हुँ जस्तो महसुस हुन थाल्छ । समाजले उसको नियति बुझ्न सक्दैन । सोही कारण उसलाई स्कुल तथा समाजमा सकरात्मक रूपमा हेर्रिँदैन । उसले राम्ररी पढ्न पनि पाउँदैन । छोरा भएर छोरीको व्यवहार



देखाएको भन्दै आफ्नै काकाले उसलाई कहिले पिट्छ त कहिले मानसिक यातना दिन्छ । उसको घनिष्ट साथी दिपक पनि ऊबाट एकाएक टाढिन्छ ।

वयस्क भएपछि गौरवले आफ्ना नाम परिवर्तन गरेर गरिमा बन्छ । तथापि उनलाई आमाले माया गर्न छाड्दिनन् । आमाको मायाकै कारण गरिमाले चाहेर पनि आत्महत्या गर्न सक्दिनन् । उसको धेरै पटकको आत्महत्या प्रयास असफल हुन्छ । गौरवले आफूलाई छोरीको रूपमा प्रस्तुत गरेको देखेपछि परिवारका सदस्य उसको विवाह गर्न चाहन्छन् । किनकि विवाहले नै गरिमालाई नयाँ जीवन दिने र सामाजमा अपहेलित हुनु नपर्ने विश्वास उसको परिवारको हुन्छ ।

सोही क्रममा गरिमाको विवाह हुन्छ । उसको विवाह भने गौरवको रूपमा गरिदिन्छन् । गरिमा बनिसकेकी गौरवलाई पत्नी ल्याइदिन्छन् । गरिमाले आफ्नी श्रीमतीलाई अथाह माया त गर्छे, तर पतिलाई दिनुपर्ने शारीरिक सुखभोग दिन सक्दिन । गरिमा र उसको पत्नीका लागि यो सम्बन्ध झन् पीडादायी बनिदिन्छ । किनकि परिवारले जति लुकाउन सके पनि उसको तेस्रो लिङ्गी परिचय लुक्दैन । अन्ततः गरिमाले परिवारको निर्णयविरूद्ध आफूलाई समाजमा खुला रूपमा महिलाको रूपमा प्रस्तुत गर्छिन् । यसो गर्दा गरिमालाई मानसिक आनन्द मिल्छ । तथापि समाज र घरपरिवारले उसलाई अपहेलना गर्न छाड्दैन । जसको विरूद्ध गरिमाको संघर्ष जारी रहन्छ ।

नाटक जिउँदो आकाशमा रोशनकुमार मेहताको एकल अभिनय छ । उहाँले आफूलाई विभिन्न चरित्रमा ढालेर नाटकलाई पूर्ण न्याय दिनुभएको थियो । नाटकमा मेहताले आफैंलाई निर्देशन गरेर विविध भूमिका उतार्नु प्रशंसायोग्य कार्य हो । नाटकमा किरण चाम्लिङको संगीत परिकल्पना, साजन थापा र सुमन सेन्चुरीको मञ्च व्यवस्थापन, बादल भट्टको कोरियोग्राफी, सरिता साहको भेषभुषा, रेनुका कार्कीको शृंगार, अशोक गौतमको परिकल्पना थियो ।

# महादेवले बाजी हारेपछि







राष्ट्रिय नाटक महोत्सव–२०७३ को पाँचौ दिन ३० जेठको पहिलो सत्रमा दर्शकहरूले नाटक 'महादेवको बाजी' बाट मनोरञ्जन लिए । आरोहण गुरूकुलले प्रस्तुत गरेको यो नाटक निकै रमाइलो थियो । नाटकलाई प्रविण खतिवडाले निर्देशन गर्नुभएको थियो ।

यो नाटक लोककथामा आधारित थियो । नाटकको कथाअनुसार आधुनिक भेषभुषामा सजिएर महादेव एकदिन नेपालको एउटा गाउँमा घुमेका हुन्छन् । खेतमा एउटा किसानले गाँजा खाएको देखेर महादेवले पनि ती किसानसँग गाँजा मागेर खान्छन् । प्रचण्ड गर्मी भएकाले त्यो रात पानी पर्ने भनाई किसानले राख्छन् । तर महादेवले पानी पर्दैन भन्छन् । सोही विषयमा किसान र महादेवले एक आपसमा बाजी ठोक्छन् । महादेव पानी नपर्ने र किसान पार्नी पर्ने भन्ने विषयमा बाजी हुन्छ ।

त्यसपछि महादेवले बादललाई भेटेर पानी नपार्न सुझाव दिन्छन् । बादलले इन्द्रदेवको आदेश नआउँदासम्म आफूले पानी नपर्ने बताउँदै आदेश नदिन इन्द्रदेवलाई आग्रह गर्नुपर्छ भन्यो । महादेवले इन्द्रदेवलाई भेटेर पानी नपार्न निर्देशन दिने क्रममा भ्यागुताले गीत नगाएसम्म आफूले पानी नपार्ने भएकाले भ्यागुतालाई भेटेर गीत नगाउन आग्रज गर्न इन्द्रदेवले अनुरोध गर्नुभयो । महादेवले भ्यागुतालाई भेटेर गीत नगाउन अनुरोध गर्दा भ्यागुताले पनि जुनकिरीले राति बत्ती बालेको खण्डमा आफूहरूले गीत गाउनुपर्ने बतायो । महादेवले जुनकिरीलाई भेटेर आजको रात पुच्छरमा बत्ती नबाल्न आग्रह गरे । जुनकिरीहरूले हुन्छ भन्दै त्यो रात बत्ती नबाल्ने निर्णय गरे ।

त्यो रात किसानहरू टुकी बालेर खेतमा पुग्छन् । थुप्रै टुकी बलेको परबाट देख्दा भ्यागुताले पुच्छरमा जुनकिरीले बत्ती बालेको ठान्दछन् । अनि भ्यागुताहरूले गीत गाउन थाल्छन् । भ्यागुताको गीत सुनेर इन्द्रदेवले बादललाई पानी पार्न आदेश दिन्छन् । अनि घनघोर पानी पर्छ ।

यसरी महादेवले बाजी हार्छन् । आफूले बाजी हारेपछि लज्जित हुँदै महादेवले किसानसँग आफू महादेव भएको बताउँछन् । आफूले पहिला नै महादेव भनेर चिनेका कारण बाजी थापेको किसानले बताएपछि महादेव जिल्ल पर्छन् र त्यहाँबाट आफ्नो बाटो लाग्छन् ।

नाटकमा महादेव, इन्द्रदेवदेखि अप्सरासम्मलाई आधुनिक भेषभुषा र शैलीमा उतारिएको थियो । भ्यागुता र जनकिरीलाई पनि आकर्षक रूपमा प्रस्तुत गरिएको थियो । पौराणिक कथालाई नयाँ शैली र स्वादमा ढलेर निर्देशक प्रविण खतिवडाले महोत्सवमा दर्शकको मन जित्नुभयो ।

नाटकको प्राविधिकतर्फ सन्तोष यादवको ध्वनि, सागर विश्वासको प्रकाश परिचालन थियो । नाटकलाई आरोहण गुरूकुल विराटनगरले निकै स्तरीय ढंगले प्रस्तुत गरेको थियो । नाटक महादेवको बाजीमा मिलन नेपाली, सुनिता घिमिरे, प्रयाग न्यौपाने, मुकेश कर्ण, राजेश ठाकुर, ममता महर्जन, अंकिता विश्वास, भरत कार्की, विकास पराजुली, रिया बुढाथोकी, अशोक गौतमको अभिनय थियो ।

सबैका सपना पूरा हुँदैनन् । अझ धनी तथा सम्पन्न व्यक्तिहरूको तुलनामा गरिब व्यक्तिहरूको सपना धेरै नै पूरा हुँदैन । यस्तै सन्देश बोकेको नाटक 'केरमेट सपना' यसपटकको राष्ट्रिय नाटक महोत्सब-२०७३ मा दर्शकले हेर्न अवसर पाए ।

यो नाटकलाई हेटौंडाको तरङ्ग सांस्कृतिक परिषद्ले मञ्चन गरेको हो । २०५१ सालदेखि नाट्य क्षेत्रमा क्रियाशील



# गरिबको केरमेट सपना

परिषद्ले देश विदेशका नाटक महोत्सवमा भाग लिँदै आएको यसका निर्देशक उज्ज्वल शर्मा भण्डारीले नाटक मञ्चनको क्रममा जानकारी गराउनुभयो ।

दोलखाको चरिकोटस्थित सिम्पानेको सामुदायिका भवनमा आयोजित राष्ट्रिय नाटक महोत्सव-२०७३ को अन्तिम दिन नाटक केरमेट सपना मञ्चन गरिएको थियो । लाल श्रेष्ठले लेख्नुभएको यो नाटकको निर्देशन उज्ज्वल शर्मा भण्डारीले गर्नुभएको थियो ।

नाटकलाई कलाकारहरू कुमार शाह, प्रलय चौलागाई, रामबहादुर थोकर, लक्ष्मण थोकर, साजन कुमार र लालबहादुर पौडेलले मञ्चन गर्नुभएको थियो ।

नाटकको कथामा एकजना धनी साहुजी र एकजना गरिब भरिया हुन्छन् । यी दुवैका छोरा एक अर्काका मिल्दा साथी हुन्छन् । सँगै हुर्किएका उनीहरू पढाइ र आर्थिक अवस्थाका कारण फरक पेसामा लाग्छन् । धनी साहुका छोरा एउटा कारखानाको मालिक बन्छन् । गरिब भरियाका छोरा सोही कारखानाका कामदार बन्छन् ।

तर कारखानाको मालिक आफ्नो साथी भएको त्यो गरिब कामदारलाई आनन्द लाग्छ । आफ्नो साथीको कारखाना भए पनि उनले काठ मिस्त्रीको काम निकै इमान्दार साथ गर्छ । सोही क्रममा त्यो कारखानाको साहु बिरामी पर्छ । यता, उसको मजदुर साथीले आफ्ना बाँकी साथीलाई आफूले काम गर्ने कारखानाको बारेमा बयान गर्छ । सो कारखानाको मालिक आफ्नो साथी भएको उसले गर्वका साथ सुनाउँछ । त्यो साथीलाई भेट गराएर काममा लगाइदिने आश्वासन पनि उसले दिन्छ । तर त्यसअघि नै उसको सो कारखाना सञ्चालक साथीको निधन भइसकेकोबारे जानकारी पाउँदैन । साथीहरूलाई आफ्नो धनी साथीबारे गफ दिने क्रममा एउटा पत्रिकामा त्यही धनी साथीको तस्बिरसहित श्रद्धाञ्जली छापिएको देखेपछि ऊ स्तब्ध हुन्छ । त्यतिबेला उसले आफ्नो बाँकी सपना पनि केरमेट भएको महसुस गर्छ ।

यो नाटकमा गरिब र धनीको जीवनशैलीलाई यथार्थ शैलीमा प्रस्तुत गरिएको छ । धनी र गरिबहरूको लवज, भेषभुषा, उनीहरूको जीवनशैलीले नाटकलाई जीवन्त तुल्याएको थियो । रोगले गरिब र धनी नभन्ने र जसको पनि ज्यान लिने गर्दछ भन्ने सन्देशलाई यो नाटकमार्फत प्रस्तुत गरिएको थियो । धनीको सपना धेरै हदसम्म पूरा हुने भए पनि गरिबको सपना केवल सपना नै बनिरहने यथार्थलाई यो नाटकमा प्रस्तुत गरिएको थियो । प्रस्तुति, सन्देशदेखि अभिनयसम्मका हिसाबले नाटक राम्रो बनेको थियो । महोत्सवमा सहभागी दर्शकले पनि नाटकलाई मन पराए ।

यो नाटकको मञ्चनसँगै यसपटकको राष्ट्रिय नाटक महोत्सव-२०५३ सम्पन्न भएको थियो । नाटक आयोजक संस्था नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकले यो नाटकका कलाकार प्राविधिकलाई नाटक सकिएपछि प्रमाणपत्र प्रदान गर्नुभयो । नाटक महोत्सवमा दर्शकको उल्लासपूर्वक भीड देखेर उहाँले नाटक महोत्सव सफल भयो भन्नुभयो । उहाँले महोत्सव निकै भव्य र सभ्यसँग सम्पन्न भएको पनि बताउनुभयो ।

नाटक महोत्सवका संयोजक एवं नेपाल नाटक महोत्सव आयोजना गर्नुको कारणबारे नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य पुष्करबहादुर गुरुङले प्रकाश पार्नुभयो । सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका अर्का परिषद् सदस्य एवं महोत्सव सहसंयोजकले महोत्सव सफल पार्न सघाउने सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । नाटक महोत्सब सोचेभन्दा निकै राम्रोसँग सम्पन्न भएको पनि उहाँले बताउनुभयो ।





'विश्व सङ्गीत दिवस-२०१६'

# स्रष्टा सम्मानसहित विविध साङ्गीतिक कार्यक्रम

काठमाडौं । सङ्गीतकार अमुल कार्की ढलीको नेतृत्वमा मञ्चमा उत्रिएको नेपाल सैनिक ब्याण्डद्वारा जब एक पछि अर्को गर्दै विभिन्न नेपाली लोक तथा सुगम सङ्गीतका धुनहरू प्रस्तुत गरियो, सो कार्यक्रमका प्रमुख अतिथि उपराष्ट्रपति नन्दकिशोर पुनले उहाँहरूको प्रस्तुतिलाई तालीले साथ दिनु भयो ।

विश्व सङ्गीत दिवसको अवसरमा ७ असारमा जमलको राष्ट्रिय नाचघरमा आयोजित 'विश्व सङ्गीत दिवस-२०१६' को प्रसंग हो यो । सो कार्यक्रमको उद्घाटन पनि उपराष्ट्रपति पुनले गर्नुभएको थियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर), नेपाल सांगीतिक संघ र नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयले राष्ट्रिय नाचघरमा संयुक्त रूपमा विविध सांस्कृतिक कार्यक्रम गर्दै विश्व सङ्गीत दिवस मनाएको हो ।

वर्षकै लामो दिन २१ जुनलाई विश्वभर विश्व सङ्गीत दिवसको रूपमा मनाइन्छ । उपराष्ट्रपति पुन, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटा, सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापा र नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयका रजिट्रार राजेन्द्र सिग्देल र नेपाल साङ्गीतिक संघका अध्यक्ष मिलन मोक्ताले कार्यक्रममा विभिन्न अग्रज स्रष्टालाई विशिष्ट सम्मान प्रदान गरे ।।

नेपाली सङ्गीत क्षेत्रमा आजीवन योगदान दिएको भन्दै उहाँहरूलाई विशिष्ट सम्मान गरिएको हो । सम्मानित हुनेमा अग्रज सङ्गीतकारहरू चन्द्रराज शर्मा, रञ्जित गजमेर, योगश वैद्य, अग्रज नृत्य निर्देशक भैरवबहादुर थापा, गीतकार किरण खरेल र बाद्यबादक भगतसिंह बागदास हुनुहुन्थ्यो ।

यस्तै सङ्गीतकार प्रकाश गुरूङ, मनोहर सुनाम, अमुल कार्की ढली, सन्तोष श्रेष्ठ, गीतकार श्रीपुरूष ढकाल र दिनेश थपलियालाई कार्यक्रममा सम्मान गरियो ।

सो कार्यक्रमको प्रारम्भमा सैनिक ब्याण्डद्वारा साङ्गीतिक धुनबाट उपराष्ट्रपतिसहितको मन जितियो । सो कार्यक्रमका प्रमुख अतिथि उपराष्ट्रपति पुनले करिब तीन घन्टा बसेर कार्यक्रममा प्रस्तुत गरिएको गीत सङ्गीतको स्वाद लिनुभयो । उहाँको सामु आफ्ना कला प्रस्तुत गर्न पाउँदा कलाकारलाई हौसला मिलेको थियो ।

सम्मानसँगै कार्यक्रमका अतिथिलाई राष्ट्रिय नाचघरका कलाकारहरू कविता मानन्धर, सवनम सिलवाल, अञ्जु रञ्जितकार, रेखा श्रेष्ठ र शारदा सिलवालले मंगलधुन तथा स्वागत गीत र नृत्यबाट अतिथिको स्वागत गर्नुभयो । संस्थानका कलाकारहरू ब्राम्हाचार्य क्याप्छाकी, खर्कबहादुर बुढा, विपीन घिमिरे, शिला आले, चाँदनी हमाललगायतले प्रस्तुत गरेको राष्ट्रिय गीत उत्कृष्ट थियो । संस्थानकै कलाकारले मध्यपश्चिमको सिंगारू नृत्य आकर्षक शैलीमा प्रस्तुत गर्नुभयो । उहाँहरूले विभिन्न लोक नृत्य प्रस्तुत गरेर विश्व संगीत दिवसको रौनकता बढाउनु भएको थियो ।

उपराष्ट्रपति पुनले विश्व सङ्गीत दिवसको अवसरमा सबैलाई शुभकामना दिँदै लोकसङ्गीतबाट सुरू भएको नेपाली सङ्गीत आधुनिक र पाश्चात्य शैलीको हुँदै अहिलेको अवस्थासम्म आइपुगेको हो भन्नुभयो । उहाँले सङ्गीत र कलाबिना जीवनको कल्पना गर्न नसकिने बताउनुभयो । उपराष्ट्रपति पुनले गीत सङ्गीत मानिसको हरपलको साथी भएको धारणा राख्दै स्रष्टालाई राष्ट्रबाट सम्मान हुनु पर्छ भन्नुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले कार्यक्रमलाई सम्बोधन गर्दै भन्नुभयो, 'संसारमा सङ्गीतबाट कोही अछुतो रहन सक्दैन । त्यसैले विश्व सङ्गीत दिवसको सो अवसरमा नेपाली सङ्गीतलाई अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउने प्रण हामी सबैले गरौं ।'

संस्थानका महाप्रबन्धक राजेश थापाले कलाकार र कलाक्षेत्रलाई राज्यले कमाउ र खाउ भन्ने हैन, स्वाथ्य शिक्षा र सुरक्षाभै उचित लगानी र प्रवर्द्धन गर्न आग्रह गर्नुभयो । उहाँले सङ्गीतको भाषा संसारमा एउटै हुने र सङ्गीतले संसारभरका मानिसलाई भावनात्मक रूपमा एकताको सुत्रमा बाँधेको हुनाले विश्व सङ्गीत दिवस २१ जुनमा मनाइने हो भन्नु भयो ।

नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयका रजिस्ट्रार राजेन्द्र सिग्देलले सङ्गीतको महत्व दर्शाउँदै स्रष्टाको सङ्गीत सृजना बौद्धिक सम्पति भएकाले त्यसको पाइरेसी नगर्न आग्रह गर्नुभयो ।

नेपाल साङ्गीतिक संघका अध्यक्ष मिलन मोक्तानले सङ्गीतको महत्वबारे प्रकाश पार्दै संघले तीन वर्षयताबाट विश्व सङ्गीत दिवस मनाउँदै आएको जानकारी गराउनुभयो ।

सो कार्यक्रममा एलआरआई स्कुल कलंकीका विद्यार्थीहरूले अर्केस्ट्रा संगीत प्रस्तुत गरेर दर्शकबाट निरन्तर तालीको साथ पाउनुभयो । यस्तै साधना कला केन्द्रका कलाकारले लोक नृत्यमार्फत दर्शकलाई आकर्षित गर्नुभयो ।

संस्थागततर्फ संगीतकार संघ नेपालका महेश खड्का, लक्ष्मण शेष, बसन्त सापकोटा, चेतन सापकोटा, शान्तिराम राई, कलाकारहरूले जय जय नेपाल.. गीत गाएर दर्शकमा राष्ट्रिय भावना जगाउनु भयो ।

सोही कार्यक्रममा नेपाल सांगीतिक संघका कलाकार मिलन मोक्तान, सन्तोष श्रेष्ठ, खर्कबहादुर बुढा, मौसमी गुरूङ, रूतु कँडेल, प्रेमप्रकाश ओली, विकास चौधरी, मनिषा पोखरेललगायतले संस्थागत नेपाल साङ्गीतिक संघ...गीत प्रस्तुत गर्नुभयो ।

तमु कलाकार संघका तर्फबाट कृष्ण गुरूङ र उनका सहयोगीले गायको सालै जो भाकामा दर्शक ननाची रहन सकेनन् । नेपाल मगर सांस्कृतिक संघद्वारा कार्यक्रममा प्रस्तुत गरिएको टप्पा पनि आकर्षक थियो ।

सोही कार्यक्रममा आदिवासी जनजाति कलाकार संघका कलाकारले हामी आदिबासी..., तामाङ कलाकार संघका तर्फबाट इन्दिरा गोलेले छयामाले बुनेको यो डम्फु...गीत गाएर दर्शकलाई नचाउनु भयो ।

मध्य पश्चिमाञ्चल सांस्कृतिक प्रतिष्ठानका खर्क बुढा र उनको मादल टोली कमल गाउँलेलगायतले मादल र कृष्ण गुरूङले बाँसुरी बादनमा रोचक प्रतिस्पर्धा गर्नुभयो ।

शास्त्रीय बादनतर्फ नगेन्द्र राई र उनका साथी जगन्नाथले बाँसुरी र तवलामार्फत हंशध्वनि राग, रूपक ताल र द्रुत लयमार्फत दर्शकको मन जित्नुभयो ।

यसरी नाचघरमा गत ७ असारमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सहकार्यमा भव्य साङ्गीतिक कार्यक्रम सम्पन्न भयो ।



# नेपाली सङ्गीत हिजो र आजको अवस्थाबारे गोष्ठी

काठमाडौं । अहिलेसम्म रेकर्ड भएका गीत सङ्गीतको अभिलेख राख्नुपर्ने धारणा साङ्गीतिक स्रष्टाहरूको छ । अभिलेखको अभावका कारण पनि कुन गीत कहिले रेकर्ड भएको र त्यो गीतका स्रष्टाहरू को–को भएको भन्नेबारे तथ्य थाहा पाउनु गाह्रो भएको उहाँहरूको भनाइ छ ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान सङ्गीत विभागद्वारा गत ८ असारमा काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित 'नेपाली सङ्गीत हिजो र आज' विषयक बिचार गोष्ठीमा सङ्गीतकर्मीहरूले यस्तो भनाइ राख्नुभएको हो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ 'सरूभक्त' को अध्यक्षतामा सम्पन्न सो गोष्ठीमा सङ्गीतकार टीका भण्डारीले 'नेपाली सङ्गीत हिजो र आज' बिषयको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले आफ्नो कार्यपत्रमा नेपाली आधुनिक सङ्गीत यात्रा सेतुरामबाट १९६० सालपछि सुरू भएको उल्लेख गर्दै त्यसपछि अहिलेसम्मको अवस्थाबारे समेट्नु भएको थियो । सेतुरामबाट सुरू भएको नेपाली आधुनिक सङ्गीत नेपालमा प्रजातन्त्र आएपछि २००७ साल हुँदै अहिलेसम्म आइपुग्दा कुन अवस्थामा रहेको छ भन्नेबारे उहाँले कार्यपत्रमा समेट्नु भएको छ ।

यसरी नेपाली आधुनिक सङ्गीतको एक सय १४ वर्षको इतिहास र यसको अवस्था, नेपाली लोक, शास्त्रीय, चलचित्र, पप सङ्गीत र यी गीत सङ्गीतको अवस्थाबारे पनि उहाँको कार्यपत्रमा चर्चा गरिएको थियो। कार्यपत्रमा नेपाली गीत सङ्गीतको प्राविधिक विकास क्रम, यसका चुनौती, हिजोका गीतहरूको विशेषता, आजका गीतहरूको अवस्था, आजको सङ्गीतको अवस्था, नेपाली सङ्गीतका चुनौतीहरू र भोलिको नेपाली सङ्गीतको अपेक्षाबारे बिस्तृत व्याख्या गरिएको थियो ।

सङ्गीतकार टीका भण्डारीले गोष्ठीमा प्रस्तुत गर्नुभएको सो कार्यपत्रमाथि गीतकार डा. कृष्णहरि बरालले टिप्पणी गर्नुभयो। भण्डारीले निकै मेहनत गरेर कार्यपत्र तयार गर्नुभएको डा. बरालले बताउनुभयो । उहाँले छोटो समयमा तयार पारिएको भए पनि कार्यपत्रमा धेरै कुरा समेटिएको छ भन्नुभयो ।

तथापि कार्यपत्रमा उल्लेख गरिएका तिथिमिति धेरै गलत भएको डा. बरालले बताउनुभयो । त्यस्ता गलत तिथिमिति सच्याएर कार्यपत्रलाई पूर्णता दिई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानलाई हस्तान्तरण गर्न पनि उहाँले सङ्गीतकार भण्डारीलाई सुझाव दिनुभयो। कार्यपत्रको विषय 'नेपाली संगीत हिजो र आज' निकै बृहत् भएकाले यो शीर्षकबाट एक दर्जन विधावारिधिका लागि शोध विषय निकाल्न सकिने धारणा राख्दै आउँदा दिनमा छरितो विषयमा कार्यपत्र तयार गर्न पनि उहाँले सल्लाह दिनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि एवं अग्रज गीतकार किरण खरेलले कार्यपत्रको खुलेर प्रशंसा गर्नुभयो । उहाँले पनि भण्डारीले कार्यपत्रमा धेरै कुरा समेटेको बताउनुभयो। गीतकार खरेलले कार्यपत्रलाई अझ थप अध्ययन अनुसन्धान गरी बृहत् बनाएर पुस्तकको रूपमा प्रकाशन गर्दा उपयुक्त हुने धारणा राख्नुभयो । नेपाली गीत सङ्गीतको आधिकारिक इतिहास समेटिएका पुस्तक निकै कम भएकाले यसबारे पुस्तक निकाल्न गीतकार खरेलले भण्डारीलाई सल्लाह दिनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले नेपाली गीत सङ्गीतको खोज अनुसन्धान, संरक्षण सम्बर्द्धन र विकास गर्नु नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको दायित्व हो भन्नुभयो। त्यसैले गीत सङ्गीतसम्बन्धी विभिन्न गोष्ठी, खोज अनुसन्धान जस्ता कार्यक्रम पनि प्रतिष्ठानले गर्दै आएको उहाँले जानकारी गराउनुभयो । प्रतिष्ठानले नेपाली सङ्गीत क्षेत्रमा लागेका महिलाहरूलाई समेटेर पुस्तक प्रकाशन गर्न लागेको उहाँको भनाइ थियो। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले उपस्थित सबैलाई स्वागत गर्दै नेपाली सङ्गीतको इतिहासबारे जानकारी गराउन सो विचार गोष्ठी आयोजना गरिएको हो भन्नुभयो । उहाँले अग्रजहरूको सृजनालाई जोगाएर आउने पुस्तालाई हस्तान्तरण नेपाली गीत सङ्गीतको बारेमा अनुसान्धान गरेर पुस्तक, डकुमेन्ट्री आदि बनाउने काम प्रतिष्ठानले गरिरहेको जानकारी गराउनुभयो ।

कार्यक्रमकी संयोजक एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य उन्नती बोहरा 'शिला' ले नेपाली गीत सङ्गीतको इतिहासदेखि अहिलेसम्मको अवस्थाबारे जोकोहीलाई पनि जानकारी होस् भनेर आधिकारिक दस्तावेज तयार गर्न टीका भण्डारीलाई कार्यपत्र तयार गर्न लगाएको हो भन्नुभयो। उहाँले सो कार्यपत्रलाई प्रतिष्ठानले पुस्तकको रूप दिने पनि बताउनुभयो ।



# ओखलढुङ्गामा वाद्यवादन प्रशिक्षण

ओखलढुङ्गा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान शास्त्रीय तथा परम्परागत विभागले गत १८ असार २०७३ मा सिद्धिचरण नगरपालिका ४, ओखलढुङ्गामा वाद्यवादन तालिम आयोजना गऱ्यो । उद्योग वाणिज्य संघ ओखलढुङ्गा र युनाइटेड ह्यान्ड्स नेपालको व्यवस्थापनमा सप्ताहव्यापी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

प्रशिक्षण कार्यक्रमको उद्घाटन ओखलढुङ्गाका संगीत साधक ८५ वर्षीय भैरवबहादुर श्रेष्ठले गर्नुभयो । उहाँ सो कार्यक्रमको प्रमुख अतिथि पनि हुनुहुन्थ्यो । उहाँले पानसमा दीप प्रज्वलन र तवला बजाई कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रमको सभापतित्व प्रतिष्ठानका कार्यक्रम संयोजक एवं शास्त्रीय तथा परम्परागत विभागीय प्रमुख प्राज्ञ उदय श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान शास्त्रीय तथा परम्परागत संगीत विभागका प्रमुख प्राज्ञ उदय श्रेष्ठले हाम्रा मौलिक बाजाहरूलाई प्रवर्द्धन संरक्षण गर्न कार्यक्रमको आयोजना गरिएको हो भन्नुभयो । प्रतिष्ठानले यस्ता कार्यक्रमलाई सघाउँदै आएको उहाँको भनाइ थियो ।

कार्यक्रममा सहभागी अतिथिहरूलाई ओखलढुङ्गा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्रकुमार मास्केले स्वागत गर्नुभएको थियो । उहाँले यस्तो किसिमको प्रशिक्षणले नेपाली मौलिक वाद्यवादनको संरक्षणमा सहयोग पुग्नुका साथै सम्बन्धित कलाकारले वाद्यवादनबारे ज्ञान हासिल गर्न सक्ने धारणा राख्नुभयो ।

कार्यक्रमको विशेष अतिथिहरू प्रमुख जिल्ला अधिकारी एकदेव अधिकारी, स्थानीय विकास अधिकारी यज्ञबहादुर खत्री, प्रहरी नायब उपरीक्षक दीपेन्द्र शाह, जनहित गुठी सि.न.पा ५ का अध्यक्ष मोहनकुमार श्रेष्ठ, पारस्परिक सेवा अनुष्ठान, सि न पा ४ का अध्यक्ष इन्द्र राजभण्डारी, ओखलढुङ्गा क्याम्पसका क्याम्पस प्रमुख नारायणबहादुर सैंजुले पनि प्रशिक्षण कार्यक्रमको प्रशंसा गर्दै सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

यस्तै, सगरमाथा जनता उच्च माविका प्रचार्य सुमन राजभण्डारी, जालपा मावि गैरीगाउँमन प्रधानाध्यापक रत्नबहादुर खत्री, लालिगुराँस इंग्लिस स्कुलका प्रधानाध्यापक सूर्य श्रेष्ठ, ओखलढुङ्गा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र मास्के, नेपाल खेलकुद परिषद् ओखलढुङ्गाका सहसचिव रूपेशश शाक्य, समाजसेवी अच्छी राजभण्डारी, कान्ति राजभण्डारी पनि विशेष अतिथि हुनुन्थ्यो । सो कार्यक्रममा स्कुल क्याम्पसमा शिक्षक, विद्यार्थी र स्थानीयवासीको धेरै उपस्थिति थियो । कार्यक्रमको सञ्चालन बालकृष्ण श्रेष्ठले गर्नुभएको थियो ।

१८ असारबाटै करिब ५० जना प्रशिक्षार्थीलाई हार्मोनियम, गिटार, तबला र मादलको प्रशिक्षण सुरू गरिएको थियो । २५ असारसम्म उनीहरूलाई यी वाद्यवादनसम्बन्धी तालिम दिइयो । प्रशिक्षकहरू स्कन्ध श्रेष्ठ, सुवास बर्देवालगायतले वाद्यवादन प्रशिक्षण दिनुभएको हो । पहिलो चरणको प्रशिक्षण सम्पन्न गरेको प्रशिक्षार्थीहरूलाई यी दुई संस्थाले निरन्तर प्रशिक्षण दिने भएका छन् । सोहीअनुसार प्रशिक्षण निरन्तर चलिरहेको युनाइटेड ह्यान्ड्स नेपालका अध्यक्ष सन्तोष श्रेष्ठले बताउनुभयो ।









# रूम्जाटारमा मेलवादेवीबारे बहस



## रूम्जाटार घोषणापत्र

- मेलवादेवीको जन्म मिति वि.सं. १९५६ असार १७ गते निर्क्योल गरियो भने मृत्यु वि.सं. २०१२ लाई नै कायम गरियो ।
- रचना/सङ्गीत र गायन (स्वर) गरी गीत रेकर्ड भई प्रकाशनमा आएका आधारमा मेलवादेवीलाई नेपालको प्रथम महिला गीतकार/सङ्गीतकार तथा गायिका भएको ठहर गरियो ।
- मेलवादेवीको जन्मस्थान तत्कालीन ओखलढुङ्गा जिल्ला, काफलबोट गाउँ (हालः सिद्धिचरण नगरपालिका वडा नं.-१३) भएको निर्क्योल गरियो ।
- नेपालकी प्रथम गायिका 'ठुमरीकी रानी' मेलवादेवीका आमा/बुबा सप्तदेवी गुरूङ तथा ज्ञानबहादुर गुरूङ (लामिछाने) भएको ठहर गरियो ।

१. गणेश रसिक, सदस्यसचिब, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ।
२. उदय श्रेष्ठ, प्राज्ञ परिषद् सदस्य, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, संयोजक, परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग ।
३. बुलु मुकारूङ, कार्यपत्र प्रस्तोता ( वरिष्ठ सङ्गीतकार)
४. डीआर पोखरेल, कार्यपत्र प्रस्तोता (वरिष्ठ समालोचक)

ओखलढुङ्गा (रूम्जाटार) । नेपाली सङ्गीतलाई प्रारम्भिक कालमा अगाडि बढाउन गायिका मेलवादेवीको उल्लेख्य योगदान रहेको कलाकारहरूले बताउनुभएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान शास्त्रीय तथा परम्परागत विभागले १९ असारमा ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका १३ स्थित रूम्जाटारमा नेपाली सङ्गीतमा मेलवादेवीको योगदानबारे आयोजना गरेको विचार गोष्ठीमा कलाकारले उहाँको योगदानको चर्चा गर्नुभएको हो ।

मेलवादेवीले गाएको गीत बजाई उद्घाटन गरिएको कार्यक्रममा बरिष्ठ सङ्गीतकार बुलु मुकारूङले त्यतिबेला दरबारभित्र र बाहिर रहेर गायन क्षेत्रमा मेलवादेवीले निकै संघर्ष गरेको जानकारी गराउनुभयो । वरिष्ठ प्रगतिवादी समालोचक डीआर पोखरेल र बुलु मुकारूङले मेलवादेवीको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा स्रष्टा सीताराम गुरूङले टिप्पणी गर्दै मेलवादेवीको बारेमा कार्यपत्रमा धेरै कुराहरू समेटिएको बताउनुभयो । अर्का टिप्पणीकर्ता काशिराज कोइरालाले कार्यपत्रको प्रशंसा गर्नुभयो ।

कार्यक्रममा मेलवादेवीको भदैनी लगभग एक सय वर्षकी रत्नकुमारी गुरूङको उपस्थिति रहेको थियो । स्थानीय बुद्धिजीवी, समाजसेवी, नातेदार, शिक्षक, विद्यार्थीलगायत धेरै जनसमुदाय सहभागी थिए ।

कार्यक्रमका सभापति तथा सो



प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकले लुकेर रहेका प्रतिभाहरूको खोजी तथा अग्रज स्रष्टाहरूको योगदानको कदर गर्दै उहाँहरूको सृजनालाई संरक्षण गर्नु प्रतिष्ठानको उद्देश्य हो भन्नुभयो । सोही उद्देश्यअनुरूप मेलवादेवीको जन्मथलोमा उनीबारे अन्तरक्रिया आयोजना गरिएको उहाँले बताउनुभयो ।

सो कार्यक्रमको संयोजन नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान शास्त्रीय तथा परम्परागत विभाग प्रमुख एवं प्रतिष्ठान परिषद् सदस्य उदय श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन पनि विभागीय प्रमुख प्राज्ञ श्रेष्ठले गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपति प्रा.डा.गणेश गुरुङले मेलवादेवीले रूम्जाटारलाई मात्र नभएर आफ्नो कला र गलाबाट नेपाललाई नै चिनाएको धारणा राख्नुभयो ।

ओखलढुङ्गा र रूम्जाटारका १३ वटा संस्थाद्वारा सो कार्यक्रममा सहकार्य रहेको थियो । यसरी सहकार्य गर्ने स्थानीय संस्थाहरूमा सनराइज इंग्लिस स्कूल, पर्यटन विकास समिति ओखलढुङ्गा, होटल व्यवसायी संघ ओखलढुङ्गा, सामुदायिक दिगो विकास कोष/संस्था रूम्जाटार, ग्रामीण विकासमा महिला सहभागिता रूम्जाटार, ग्रामीण महिला उत्थान केन्द्र रूम्जाटार रहेको थियो ।

यस्तै, रूम्जाटार बचत तथा रिण सहकारी संस्था रूम्जाटार, रूम्जाटार गोल्डेन प्रोग्रेसिभ क्लब रूम्जाटार, मिलनचोक प्रगतिशील क्लब रूम्जाटार, नेवार गुठी रूम्जाटार, तमु महिला संग रूम्जाटार, ओखलढुङ्गा रूम्जाटार युनाइटेड क्लब रूम्जाटारलगायतको कार्यक्रममा सहकार्य थियो ।

गोष्ठीमा स्थानीय बुद्धिजीवी, समाजसेवी, नातेदार, शिक्षक, विद्यार्थीलगायत विभिन्न पेशाकर्मी र जनसमुदायको उपस्थिति थियो । रूम्जाटरमा जन्मिएर देश विदेशमा आफ्नो समयमा गीत गाएर जन्मथलोलाई चिनाउने काम मेलवादेवीले गरेको सहभागीहरूले बताउनुभयो । गोष्ठीमा भएको छलफलबमोजिम सर्वसम्मतबाट 'रूम्जाटार घोषणापत्र' समेत जारी गरियो ।










# धादिङबेसीमा भव्य भयो

# डबली यात्रा

धादिङ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभागको आयोजनामा ४ असार २०७३ मा धादिङबेसीको पुच्छार बजार, एमाले चोकमा डबली यात्रा आयोजना गरियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ पवित्रा घर्ती मगरले संयोजन गर्नुभएको डबली यात्राको प्रमुख अतिथि धादिङ जिल्ला क्षेत्र नम्बर २ का सांसद गुरूप्रसाद बुर्लाकोटी हुनुहुन्थ्यो । सांसद बुर्लाकोटीले मादल बजाएर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रमको विशिष्ट अतिथिमा धादिङ जिल्लाकै अर्का सांसद धनबहादुर घले र वरिष्ठ गायक, सङ्गीतकार तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य पूर्ण नेपाली हुनुहुन्थ्यो ।

डबली यात्राको प्रराम्भमै स्थानिय पाँच वर्षकी बालिका संज्ञा शर्माले शिरैको शिरफूल... गीतमा आकर्षक नृत्य प्रस्तुत गर्नुभयो । अतिथिदेखि दर्शकसम्मले उहाँलाई निरन्तर तालीले साथ दिए ।

सो डबली यात्रामा गायन, सङ्गीत र नृत्य प्रस्तुत गरेर कलाकारले धादिङबासीलाई मोहित तुल्याएका थिए । गुरूप्रसाद घर्ती, पोषणराज घर्ती, शोभाराम घर्ती मगर, उदिराम खड्का र कमल गाउँलेले बाद्यबादनबाट कार्यक्रमको रौनक बढाउनुभएको थियो ।

गायक प्रस्तुतिको क्रममा धादिङको डबलीमा देव वाइवाले तामाङ गीत मेन्दोमाया...गाएर दर्शकको मन जित्नुभयो । यस्तै, गायक राज गुरूङले गाउनुभएको तिमीले बाटो मोड्यौ अरे... र सालैजो...गीत पनि त्यत्तिकै आकर्षक थियो । राजकुमार बनियाँले सबमा मिल्ने आलु...गीत गाउँदा दर्शकले आलुको विभिन्न परिकार र स्वाद सम्झिए ।

यस्तै, ओम पाठकले नभूलौ है हाम्रो सस्कृति... र खेमराज रानाले सहयोगीको साथमा कौडा गीत गाएर डबली यात्रालाई संगीतमय तुल्याउनुभयो । प्राज्ञ पूर्ण नेपालीले सोह्र वर्ष उमेरमा..., मेरो टोपी..., कलिलो तामालाई... जस्ता पुराना चर्चित गीतहरू गाएर दर्शकलाई मन्त्रमुग्ध बनाउनुभयो ।

डबली यात्राको अर्को महत्वपूर्ण पाटो बाद्यबादन थियो । अर्जुन मारञ्जा मगर, सन्तोष आलेमगर, बलबहादुर .गारञ्जा मगर, रामचन्द्र राना मगर, सुरज राना मगर, मनिष गारञ्जा मगर, मिलन गारञ्जा मगर, नवीन गारञ्जा मगर, उमेश गारञ्जा मगर, झम्का गारञ्जा मगरले मगरबाजा प्रस्तुत गर्नुभयो । स्थानीय कलाकारले प्रस्तुत गरेको नौमति बाजा पनि कार्यक्रमको आकर्षक बनेको थियो ।

कार्यक्रममा विभिन्न मौलिक लोक संस्कृतिहरू झल्कने खालका मेन्दोमाया तामाङ नृत्य स्थानीय कलाकारहरू सोनम वाइवा तामाङ, काजीमान लोप्चन तामाङ, सूर्य वाइवा तामाङ, मिना तामाङ, लक्ष्मी वाइवा तामाङ, किस्मिता हिमरूङ तामाङले प्रस्तुत गर्नुभयो ।

नृत्य निर्देशक तथा नृत्यकार उदीराम खड्काले मयुरको रूपधारण गरी प्रस्तुत गर्नुभएको मयुर नृत्य कार्यक्रमको प्रमुख आकर्षण बनेको थियो । यस्तो नृत्य आफूहरूले पहिलो पटक देखेको त्यहाँका दर्शकहरूको भनाइ थियो ।

गुरूङ समुदायको घाटु नृत्य पनि डबलीको आकर्षक बनेको थियो । घाटु नृत्य कलाकारहरू विष्णुकुमारी गुरूङ, निरू गुरूङ, शान्तिमाया गुरूङ, शान्तिमाया गुरूङ, शान्तिमाया गुरूङ, कल्पना गुरूङ, मनमाया गुरूङ, जमुना गुरूङ, सीता गुरूङ, कृष्णमाया गुरूङ, सुनिता गुरूङ, गीता गुरूङ, कल्पना गुरूङ, सुजाता गुरूङले प्रस्तुत गर्नुभएको

थियो । डबलीमा कुमाल समुदायका कलाकारको मारूनी नृत्यको आफ्नै आकर्षण थियो । यो नृत्य कलाकारहरू दिलसा कुमाल, कविता कुमाल, रविना कुमाल, रञ्जना कुमाल, मिना कुमालले पस्कनुभएको थियो ।

मगर समुदायको प्रस्तुति कौडा नृत्यले दर्शकलाई उत्साहित तुल्याएको थियो । कलाकारहरू इरिसा पाटा मगर, सङ्गीता आलेमगर, खेम राना मगर, रोमी थापा मगर, मोनीका थापा मगर, शर्मिला राना मगर, आस्था थापा मगर, आशिष राना मगर, रमेश राना मगर, विवेक आले मगर, प्रवीण आले मगर, नातिराम मगर, शान्ति थापा मगर, सीता थापा मगर, सुनिता थापा मगर र रितु थापा मगरले घाटु नृत्य प्रस्तुत गर्नुभएको थियो ।

स्थानीय लोक नृत्य तथा गीतहरूको प्रस्तुतिले हजारौ दर्शकहरूलाई भरपूर मनोरञ्जन प्रदान गरेको थियो । हाँस्य कलाकार कमल गाउँलेले उद्घोषणसँगै कार्यक्रममा विभिनन प्रहसन प्रस्तुत गरेर दर्शकले निरन्तर हँसाउनुभयो । उद्घोषण कार्यक्रममा अमला थापा मगरले कलाकार गाउँलेलाई साथ दिनुभएको थियो ।

कार्यक्रमको स्थानीय व्यवस्थापन तथा संयोजन आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् धादिङ र नेपाल मगर संघ जिल्ला समिति धादिङले सयुक्त रूपमा गरेको थियो । सो डबली कार्यक्रम निकै राम्रो भएको बताउँदै यस्ता कार्यक्रमले नेपाली मौलिक लोकसंस्कृतिको संरक्षण र प्रवर्द्धनमा मद्दत गर्ने सांसद गुरूप्रसाद बुर्लाकोटीले बताउनुभयो । उहाँले कार्यक्रमको अन्त्यमा कलाकारहरूलाई प्रमाणपत्र वितरण तथा मायाको चिनो वितरण गर्नुभएको थियो ।

कार्यक्रमको सभापतित्व गर्नुभएकी यस प्रतिष्ठानकी परिषद् सदस्य पवित्रा घर्तीमगरले सबैलाई धन्यवाद दिँदै यस्ता डबली कार्यक्रम मुलुकका विभिन्न स्थानका प्रस्तुत गरिने बताउनुभयो । रेडियो धादिङले प्रत्यक्ष प्रसारण गरेको सो डबली यात्रा स्थानीयहरूको सहयोगले सफल र भव्य भएको कार्यक्रम संयोजक घर्तीमगरले बताउनुभयो ।



# कुलपतिद्वारा हरिप्रसाद, कल्याणी रिमाल पुरस्कार प्रदान

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले गत २५ असार २०७३ मा चार स्रष्टालाई 'हरिप्रसाद कल्याणी रिमाल नाट्य सङ्गीत पुरस्कार' प्रदान गर्नुभयो ।

अग्रज गायक एवं नाट्यकर्मी हरिप्रसाद रिमालको ९१औं जन्मोत्सवको अवसरमा रिमालकै निवास नयाँबानेश्वरमा हरिप्रसाद, कल्याणी रिमाल नाट्य सङ्गीत प्रतिष्ठानका तर्फबाट कुलपति सरूभक्तले सो पुरस्कार प्रदान गर्नुभएको हो ।

कार्यक्रममा उहाँले 'हरिप्रसाद, कल्याणी रिमाल नाट्य सङ्गीत पुरस्कार-२०७१' वरिष्ठ अभिनेत्री बसुन्धरा भुसाललाई र सञ्चारकर्मी कमल प्रधानलाई प्रदान गर्नुभयो । यस्तै 'हरिप्रसाद, कल्याणी रिमाल नाट्य सङ्गीत पुरस्कार-२०७२' वरिष्ठ अभिनेत्री शुभद्रा अधिकारी र अग्रज सञ्चारकर्मी माइकल चन्दलाई प्रदान गर्नुभयो । कार्यक्रममा अभिनेत्रीद्वयलाई ताम्रपत्रसहित जनही २५ हजार एक सय ११ रूपैयाँ र सञ्चारकर्मीद्वयलाई ताम्रपत्रसहित जनही ११ हजार एक सय ११ रूपैयाँ प्रदान गरिएको थियो । कार्यक्रममा कुलपति सरूभक्तले हरिप्रसाद कल्याणी रिमाल प्रतिष्ठानले आफ्नोतर्फबाट प्रशंसनीय काम गरेको छ भन्दै सो संस्थासँग नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले सहकार्य गरेर अघि बढ्ने बताउनुभयो ।

# तामाङ जातिको लोपोन्मुख नृत्य प्रस्तुत



काठमाडौं । तामाङ समुदायका कलाकारले आफ्नो लोपोन्मुख नृत्य प्रस्तुत गर्नुभएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा २५ असारमा राजधानीको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको सानो हलमा अयोजित 'तामाङ जातिको परम्परागत नृत्यहरूको कार्यशाला' मा उहाँहरूले आफ्ना नृत्यहरू प्रस्तुत गर्नुभएको हो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) सभापतित्वमा सो कार्यक्रम सम्पन्न भएको थियो । प्रतिष्ठानका कुलपति सरूभक्तले लोपोन्मुख नृत्यलाई संरक्षण र प्रवर्द्धन गर्नु प्रतिष्ठानको दायित्व भएको बताउँदै यी लोपोन्मुख नृत्य संरक्षण गर्न सहयोग पुऱ्याउने धारणा राख्नुभयो । उहाँले यस्ता नृत्यलाई प्रतिष्ठानले संरक्षण गरेर आउँदा पुस्तालाई हस्तान्तरण गर्ने पनि बताउनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं नृत्य विभाग प्रमुख माधव प्रधानले कार्यक्रमको संयोजन गर्नुभएको थियो । नेपाल सांगीतिक संघका अध्यक्ष एवं संगीतकार मिलन मोक्तानलगायत सो कार्यक्रममा अतिथि हुनुहुन्थ्यो ।



दोलखा, रामेछाप र सिन्धुपालचोकका कलाकारले डम्फु, टुङ्ना बजाएर गीत गाउँदै ताम्बा नृत्य प्रस्तुत गर्नुभयो । ताम्बा नृत्यबारे ताम्बा संघका अध्यक्ष एवं कलाकार धावा वाङ्गेल मोक्तानले प्रकाश पार्नुभयो ।

मोक्तानले ताम्बाबारे भन्नु भयो, ' ताम्बा आफैंमा संघ हो । जीवनदेखि मृत्युसम्मका संस्कारमध्ये ताम्बा हरेक संस्कारसँग जोडिएको छ ।' लोपोन्मुख अवस्थामा पुगेको ताम्बा नृत्यलाई आफूहरूले संरक्षण गर्दै आएको मोक्तानले बताउनुभयो । यो गीत डम्फु बजाएर नाच्ने फापरे गीत शैलीको हुने गरेको पनि उहाँले जानकारी गराउनुभयो ।

कलाकारहरू पासाङ मोक्तान, सोम मोक्तान, पासाङलाल योञ्जन, बीरबहादुर घिसिङ, कृत धावा घिसिङ, बलबहादुर घिसिङ, कुमारी योञ्जन, मिङमर योञ्जन, टेक घिसिङ, युवराज योञ्जन, तोपबहादुर बल र टेक घिसिङले ताम्बा नृत्य र गायन प्रस्तुत गर्नुभएको थियो ।

यस्तै, धादिङ र नुवाकोटका तामाङ कलाकारले सो क्षेत्रको मानेदोरा र म्हेन्दोमाया नृत्य प्रस्तुत गर्दा दर्शकले निरन्तर तालीले साथ दिए । कलाकारहरू राधा थोकर, भारती तामाङ, सरस्वती तामाङ, एलिना तामाङ, ज्योती तामाङ, मञ्जु तामाङ, सुनिता तामाङ, गीता शाही, सुकबहादुर तामाङ, मुन्ना घलेवाईबा, सन्देश वाईबा, अमृत तामाङ, आशिश तामाङ, दीपक तामाङ, दिलमान तामाङ र अमित तामाङले यी दुई नृत्य प्रस्तुत गर्नुभएको थियो । प्रत्यक्ष प्रस्तुत गरिएका यी दुई नृत्यले कार्यक्रमको माहोल रमणीय तुल्याएको थियो । दुई नृत्य प्रत्यक्ष हेरेपछि दर्शकहरूले ती नृत्यको बारेमा अझ नजिकबाट बुझ्न पाएको बताएका थिए ।

मृत्यु तथा विवाह संस्कार एवं ठूलो समारोहमा धेरै कलाकार भएर आपसमा गोलबन्द भई मानेदोरा नृत्य गरिने जानकारी नृत्य अन्वेषक हेम वाइवाले कार्यक्रममा गराउनुभयो । म्हेन्दोमाया नृत्य युवायुवतीले जात्रा तथा अन्य समारोहमा दोहोरी खेल्दै नाच्ने उहाँको भनाइ थियो ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं नृत्य विभाग प्रमुख माधव प्रधानले यी तीन तामाङ नृत्य संरक्षणका लागि दृश्यचित्र निर्माणसँगै यी नृत्यबारे पुस्तकसमेत निकाल्ने जानकारी गराउनुभयो । कार्यक्रमको सञ्चालन क्रान्ति योञ्जनले गर्नुभएको थियो ।



जनकपुरधाम। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा जनकपुरको उद्योग वाणिज्य संघको हलमा २० असारबाट तीन दिनसम्म 'मैथिली नाट्य समारोह-२०७३' सम्पन्न भएको छ ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री आनन्दप्रसाद पोखरेलले गत २० असारमा नाट्य समारोहको उद्घाटन गर्नुभएको हो। मन्त्री पोखरेलले महेन्द्र मलङ्गियाद्वारा लिखित मैथिली नाटक 'ओकरा अँगनाक बाह्र मासे' को संवाद बाचन गरेर समारोहको उद्घाटन गर्नुभएको हो ।

आफू भगवान शंकरको गाउँ दोलखाबाट सीतामाताको सहर जनकपुरमा सांस्कृतिक एकताको सन्देश लिएर आएको उहाँले बताउनुभयो । रामजानकी मन्दिरलगायत संस्कृतिले सम्पन्न जनकपुर पर्यटकीय हिसाबले उत्कृष्ट क्षेत्र रहेको र यस्तो क्षेत्रमा नाटक उत्सव गर्दा संस्कृति, पर्यटन र नाटक जस्ता तीनवटै क्षेत्रको विकास हुने विश्वास मन्त्री पोखरेलले व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले प्रतिष्ठानले विभिन्न प्रदेशमा आफ्ना कार्यक्रम पुऱ्याउने क्रममा मिथिला क्षेत्रमा नाटक उत्सव आयोजना गरिएको जानकारी गराउनुभयो। संस्कृतिले धनी एवं जानकीको जन्मभूमि जनकपुरमा आयोजना गरिएको मैथिली नाट्य कार्यक्रमले मिथिला नाटकको विकास र विस्तारमा टेवा पुऱ्याउने धारणा उहाँले राख्नुभयो ।

सांसद शत्रुधन महतोले मिथिलाको माटो र पानीलाई अगाडि बढाउन यो नाटक उत्सवले प्रेरित गर्नेछ भन्नुभयो। उहाँले यो उत्सवले नाटकबारे जनचेतना बढाउँदै मैथिली संस्कृतिको विकासमा मद्दत पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका नाट्य विभाग प्रमुख पुष्कर गुरूङले नाटक समाजको चित्रण भएको बताउनुभयो । मैथिली नाटक महोत्सवमा मिथिला क्षेत्रका विभिन्न जीवनका चित्रणहरू प्रस्तुत हुने जानकारी उहाँले गराउनुभयो । आफूले दुई दशकअघि एउटा नाटकबाटै देश विदेश घुमेर नेपाली नाटकलाई विश्वव्यापी तुल्याएको स्मरण गराउनुभयो ।

मैथिली नाट्य समारोह-२०७३ का संयोजक तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको रङ्गमञ्च विभाग प्रमुख एवं परिषद् सदस्य रमेश रञ्जन झाले मिथिला नाट्य कार्यक्रममा ६ ओटा मैथिली नाटक मञ्चन गरिने जानकारी गराउनुभयो। मैथिली नाटकको विकास र विस्तारका लागि समारोहमा नेपालबाट चार र भारतका दुईवटा मैथिली नाटक मञ्चन गर्न लागिएको पनि उहाँले बताउनुभयो। उद्घाटन समारोहमा वरिष्ठ नाट्यकर्मी महेन्द्र मलङ्गिया, डा.राजेन्द्र बिमल, संस्कृतिविद् अवधेश पोखरेल, साहित्यकार रामभरोस कापडि, परमेश्वर कापडि, नाट्यकर्मी कामेश्वर मल्लिकलगायतको उपस्थिति थियो ।

# मन्त्री पोखरेलद्वारा मैथिली नाट्य समारोह उद्घाटन



# उधार जुत्तामा जुत्ता संघर्षको कथा

जनकपुर । जनकपुरमा गत २० असारबाट तीन दिनसम्म भएको 'मैथिली नाट्य समारोह-२०७३' को पहिलो दिन २० असारमा उद्घाटन समारोहपछि नाटक 'उधार जुत्ता' मञ्चन गरियो ।

प्रा.डा. राजेन्द्र बिमलको मैथिली कथा 'उधार जुत्ता' लाई अवधेश पोखरेलले नाट्य रूपान्तरण र मिथिला नाट्य परिषद्बाट अनिलचन्द्र झा र परमेश झाले निर्देशन गर्नुभएको थियो । नाटकमा मिनापका कलाकारहरू विष्णुकान्त मिश्र, मदन ठाकुर, अनितारानी मण्डल, मुकेश झा, धिरज ठाकुर, रामनारायण ठाकुर र गंगाकान्त झाको अभिनय थियो । नाटकको कथाअनुसार प्रोफेसरको घरमा भएको मात्र एक जोर जुत्ताले लगाएर ती प्रोफेसर पढाउन जानुपर्ने हुन्छ । त्यही जुत्ता लगाएर उनको एउटा छोरो प्रेमी भेट्न र अर्को छोरो डान्स प्रतियोगितामा सहभागी हुन र सालो एउटा कार्यालयमा अन्तर्वार्ता दिन जानुपर्ने हुन्छ । यी चार व्यक्तिले त्यो एक जोर जुत्ता तानातान गर्दा जुत्ता पूरै च्यातिन्छ ।



त्यही दिन घरमा आएको एक पाहुनलाई घरमै सत्यनारायणको पूजामा भुल्याएर ती सबैले पाहुनको एक जोर जुत्ता पालैपालो लगाएर काम चलाउँछन् । प्राफेसरको जन्मदिनमा परिवारका सबैले उनलाई उधारोमा एक/एक जोर जुत्ता ल्याउँछन् । उधारोमा आफूलाई त्यति धेरै जुत्ता ल्याएको जानकारी पाएर प्रोफेसर बेहोस हुन्छन् । पछि होसमा आएर खुसी हुन्छन् ।



# बज्जर खसौ एहन जातिपरमा बालबधुको पीडा

जनकपुरधाम । गत २० देखि २० असारसम्म नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा जनकपुरको उद्योग वाणिज्य संघको हलमा आयोजित मिथिला नाटक उत्सवको पहिलो दिन दर्शकले दुई मैथिली नाटक हेर्ने अवसर पाए । २० असारको दोस्रो सत्रमा भारतको बिहारस्थित मधुवनीबाट नाटक मञ्चन गरियो ।

मिथिला नाट्य संस्थान, मधुवनी, बिहारद्वारा उत्सवको पहिलो दिन नाटक 'बज्जर खसौ एहन जातिपर' देखाइएको थियो । भारतीय मैथिली समाजको प्रतिनिधित्व गर्दै उत्सवमा प्रस्तुत गरिएको सो नाटकका निर्देशक शैलेश झाले जानकारी गराउनुभयो ।

बैधनाथ मिश्र यात्रीले लेख्नुभएको कविता 'विलाप' लाई वरिष्ठ मैथिली नाट्यकमी महेन्द्र मलङ्गियाले 'बज्जर खसौ एहन जातिपर' शीर्षकमा नाट्य रूपान्तरण गर्नुभएको थियो । नाटकमा मिथिला समाजमा गरिने बालविवाह र त्यसले निम्त्याएका समस्या प्रस्तुत गरिएको थियो ।

नाटकको कथाअनुसार बालविवाह गरेकी बालिकाको किशोरी अवस्था नपुग्दै पतिको मृत्यु हुन्छ । त्यसपछि उनलाई घरपरिवारदेखि समाजसम्मले नकरात्मक दृष्टिकोणले हेर्छ । ती किशोरीको पीडा समेटिएको यो नाटकमा आशिष कुमार, लबलिन राज, सन्तोषलाल दास, पुनम मल्लिक, चञ्चला कुमारी साहुल गोइत, पवन कुमारलगायतको अभिनय थियो ।

# 'माथक मोल' मा बुद्धिको परीक्षण




जनकपुरधाम । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा जनकपुरको उद्योग वाणिज्य संघको सभाहलमा २०७३ असार २० देखि २२ सम्म आयोजित मैथिली नाटक उत्सवको दोस्रो दिन पनि दर्शकको उल्लेख्य उपस्थिति रह्यो । असारको गर्मीलाई बेवास्ता गर्दै मातृभाषी नाटकमा जनकपुरका दर्शकहरू रमे ।

२१ असारमा दुईवटा नाटक मञ्चन गरियो । जसमध्ये पहिलो सत्रमा झोराहट नाट्य समूह मोरङद्वारा नाटक 'माथक मोल' मञ्चन गरियो । पौराणिक कथा 'टाउकोको मूल्य' लाई लेखक आंशु रचनाले मैथिलीमा रूपान्तरण गर्नुभएको हो ।

नाटकमा सम्बन्धित पात्रहरूको टाउकोमा सिन्को घुसार्दा सो सिन्को निस्कने अन्य अंगको आधारमा उसको बुद्धिको परीक्षण हुने र टाउकाको मूल्य तोकिने प्रसंग प्रस्तुत गरिएको थियो । सो विषयलाई कलाकारहरूले रोचक र सशक्त रूपमा मञ्चमा उतारेका थिए ।

नाटकको निर्देशन भरत गुरागाईंले गर्नुभएको थियो । आफू गैरमैथिलीभाषी भए पनि भरतले मिथिला भाषाको नाटकलाई राम्रोसँग मञ्चमा उतार्नु भएको थियो । नाटकमा रामप्रसाद न्यौपाने, सुदीप कार्की, विवेक कर्ण, छत्र काफ्ले, मनिषा बराल, अनु श्रेष्ठलगायतको अभिनय थियो ।



# दासी जीवन मा गरिबीको पीडा

जनकपुरधाम । जनकपुरको उद्योग वाणिज्य संघको सभाहलमा २०७३ असार २० देखि २२ सम्म आयोजित मैथिली नाटक उत्सवको दोस्रो दिनको दोस्रो सत्रमा नाटक 'दासी जीवन' मञ्चन गरियो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित महोत्सवमा २१ असार अपरान्ह मञ्चित नाटक 'दासी जीवन' को निर्देशन रामेश्वर शाहले गर्नुभएको हो ।

नाटकलाई जनकपुरकै प्रतिबिम्ब नाट्य समूहले मञ्चन गरेको थियो । अन्य नाटक जस्तै यो नाटकमा पनि दर्शकको उल्लेख्य उपस्थिति रह्यो । नाटकमा गरिबीका कारण भोग्नुपर्ने विभिन्न समस्या दर्शाइएको थियो । आर्थिक रूपमा गरिब मानिस समाजको नजरमा हरेक कुरामा गरिब देखिने प्रसंगलाई नाटकमा देखाइएको गियो । नाटक जति संवेदनशील थियो, त्यत्तिकै हाँस्यप्रधान पनि थियो । सोही कारण पनि यो नाटकबाट दर्शकले भरपूर मनोरञ्जन लिए । नाटक 'दासी जीवन' मा प्रतिविम्ब नाट्य समूहका कलाकारहरू अविनाश झा, श्याम प्रेमी, अमित साह, अम्बर कर्ण, आयुष कर्णलगायतको अभिनय थियो ।

# 'काठक लोक' मा शोषणविरूद्धको संघर्ष



जनकपुरधाम । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले जनकपुरमा आयोजना गरेको मिथिला नाटक उत्सवको तेस्रो दिन २२ असारमा दुईवटा नाटक मञ्चन भयो। जसमध्ये पहिलो सत्रमा महेन्द्र मलङ्गिया लिखित नाटक 'काठक लोक' मञ्चन गरियो ।

यो नाटकलाई भारत, बिहारको ललितनारायण मिथिला विश्वविद्यालयको नाट्य तथा सङ्गीत विभागले प्रस्तुत गरेको थियो। नाटकमा प्रशान्त कुमार, सुस्मिताकुमारी झा, डा.मनिन्दकुमार झा, विजयकुमार साह, मोहनमुरारी झा, रोशनकुमार झा, नैनप्रिया, हेमेन्द्र लाभ, रवि खण्डेवाललगायतको अभिनय थियो ।

नाटकको कथामा मिथिलाञ्चलको लोकसंस्कृतिलाई उठाइएको थियो। नाटकमा मिथिलाञ्चलको एक गाउँमा एकजना जमिनदारको सामन्ती प्रथाका कारण गाउँलेले भोग्नुपरेको पीडा यसमा समेटिएको थियो । नाटकमा एकजना पात्र कठरी बाबा हुन्छन् । जमिनदारको शोषण र सामन्तीविरूद्ध उनी एक्लै काठ जस्तो बलियो भएर लड्छन् र त्यो शोषणबाट गाउँलेलाई मुक्ति दिलाएरै छाड्छन्। नाटकमा जमिनदारको कूटनीतिक र आपराधिक प्रवृत्तिको चिरफार गरिएको थियो ।

यो नाटकको निर्देशन सागर सिंहले गर्नुभएको थियो । काठक लोकमा रहेको केही प्रहसनका कारण दर्शक यो नाटकमा खुलेर हाँसेका थिए ।

---

# 'सखी' मा दस वर्षीय जनयुद्धको चित्रण



जनकपुरधाम। मिथिला नाटक उत्सवको तेस्रो दिन २२ असार २०७३ को दोस्रो सत्रमा नाटक सखी मञ्चन गरियो । सो नाटक उत्सवको संयोजक तथा यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले नाटक लेख्नुभएको हो। घिमिरे युवराजद्वारा निर्देशित यो नाटकलाई लोक सञ्चार नाट्य समूह, काठमाडौले प्रस्तुत गरेको हो। जसमा २०५३ देखि २०६३ सालसम्म एक दशक चलेको माओवादी जनयुद्धको प्रभाव प्रस्तुत गरिएको थियो ।

नाटकमा प्रमोद अग्रहरि, माधवी कर्ण, संगीता उराउ, निलेश झा, प्रियङ्का झा, स्मारिक फुयाँल, विवेक तिवारी, सञ्जु पराजुली, सुरेश जिसी, सुरज पाण्डे, रमेश दहित, देवेन कार्की, नर्सिस लिम्बू, घनश्याम लुइँटेल, सङ्गीता पोखरेल, झकेन्द्र विसी, सन्दीप थपलियाको अभिनय थियो ।

नाटकको कथाअनुसार एकजना किसानलाई नेपाली सेनाले माओवादीको आरोपमा हिरासतमा राख्छ। त्यही परिवारका एक मात्र किशोरावस्थाको छोरालाई सेनासँग बदला लिने आडमा माओवादी छापामारले युद्धमा सहभागी गराउन लैजान खोज्छन्। तर ती किशोरको एक महिला साथीले माओवादी छापामारलाई आफ्नो प्रिय बाख्रो दिएर युद्धमा लैजानबाट जोगाउँछिन् । नाटकको अन्त्यमा पनि ती किसानलाई आफ्नो परिवारसँग भेट्न नदिई हिरासतमा अज्ञात रूपमा राखिन्छ ।

नाटक सखीको मञ्चनसँगै २२ असारबाट मैथिली नाट्य समारोह समापन भयो। समापन समारोहमा नाटकमा सहभागी कलाकारलाई आयोजक संस्था नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा परिषद् सदस्य एवं सो नाट्य समारोहका संयोजक रमेश रञ्जन झालगायतले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।



# ताप्लेजुङको मावितस्तरीय नृत्य प्रतियोगितामा सन्ध्या प्रथम

ताप्लेजुङ । ताप्लेजुङ नगरपालिकास्तरीय माध्यमिक तथा उच्चमाध्यमिक विद्यालयस्तरीय एकल नृत्य प्रतियोगिता २१ जेठ २०७३ मा सम्पन्न भएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नृत्य विभागद्वारा आयोजित सो प्रतियोगितामा ताप्लेजुङ नगरपालिकाभित्रका ११ वटा विद्यालयका ११ जना छात्रछात्रा सहभागी थिए ।

प्रतिष्ठानका नृत्य विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजन तथा आतिथ्यमा सम्पन्न प्रतियोगितामा ताप्लेजुङ जिल्ला शिक्षा कार्यालयका लेखा अधिकृत रामचन्द्र नेपालको उपस्थिति थियो ।

प्रतियोगितामा लिटिल बुद्ध इंग्लिस स्कुलकी सन्ध्या श्रेष्ठ प्रथम हुनु भएको थियो । उहाँले पुरस्कारस्वरूप ट्रफी, प्रमाणपत्र र १० हजार रूपैयाँ पाउनु भयो । यस्तै, प्रतियोगितामा श्री भानु जनउच्चमाविकी दीपा सुनामले द्वितीय स्थान हासिल गर्दै ट्रफी, प्रमाणपत्र र सात हजार रूपैयाँ प्राप्त गर्नुभयो भने अक्सफोर्ड मोडल इंग्लिस स्कुलका प्रवेश खतिवडाले तेस्रो स्थान हासिल गर्दै ट्रफी, प्रमाणपत्र र पाँच हजार रूपैयाँ पाउनुभयो ।

प्रतियोगितामा सहभागी बाँकी आठ प्रतियोगीले जनही तीन हजार रूपैयाँ र प्रमाणपत्रसहित सान्त्वना पुरस्कार प्राप्त गरेका थिए । यसरी सान्त्वना पुरस्कार प्राप्त गर्नुहुनेमा सिद्धकाली उमाविकी कञ्चन लिम्बू, कञ्चनजङ्घा उमाविका बिप्लव पतङ्वा, वीरेन्द्र उमाविकी सरिता कुमाल, बाल सुबोधिनी संस्कृत उमाविकी मञ्जु यक्सो, युववर्ष माविकी सृजना बोखिम, जनज्योति आवासीय माविकी बेबी लिम्बू, कञ्चन एकेडेमीकी आकृति लिङदेन, मेची सेन्टमेरिज इंग्लिस स्कुलकी एलिसा ताप्मादेन हुनुहुन्थ्यो ।

प्रतियोगिताको निर्णायकहरूमा यस प्रतिष्ठानका प्राज्ञ सभा सदस्य कोमल निरौला, नृत्य निर्देशक रोशन कर्माचार्य हुनुहुन्थ्यो । पुरस्कृत विद्यार्थीहरूलाई जिल्ला शिक्षा कार्यालय ताप्लेजुङका लेखा अधिकृत रामचन्द्र नेपाल, कार्यक्रम संयोजक माधव प्रधान र निर्णायकद्वयले पुरस्कार प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा प्रतिष्ठानका परिषद् सदस्य माधव प्रधानले दुर्गम क्षेत्रभित्र रहेका विद्यालयका विद्यार्थीहरूलाई नृत्यको सैद्धान्तिक ज्ञानसहित व्यावहारिक ज्ञान पनि सिकाउन प्रतियोगिता आयोजना गरिएको बताउनुभयो । जिल्लाभरिका नृत्य कलाकारलाई प्रतियोगितामा उपस्थित गराउन प्रारम्भ गरिएको नगरपालिकास्तरीय नृत्य प्रतियोगिताले ग्रामीण क्षेत्रका विद्यार्थीहरूमा नृत्यप्रति प्रेरणा जगाएको धारणा उहाँले राख्नुभयो ।

यस्तै, जिल्ला शिक्षा कार्यालयका लेखा प्रमुख रामचन्द्र नेपालले नेपाली सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानसँग सहकार्य गर्न पाउँदा जिल्लाभरिका विद्यालय शिक्षक तथा विद्यार्थीहरूलाई प्रोत्साहन प्रदान गर्न सकिएको छ भन्नुभयो । अबदेखि जिल्लास्तरीय नृत्य प्रतियोगिता आयोजना गर्नलाई आधार तय हुँदै गएको बताउँदै उहाँले प्रतिष्ठानप्रति आभार प्रकट गर्नुभयो ।









# नाचघरमा गुञ्जियो
# लोक सुसेली

काठमाडौं । राजधानीको जमलस्थित नाचघरको सानो प्रेक्ष्यालयमा गत असार ३० दर्शकले नेपाली लोकगीतहरू सुनेर अनन्द लिए । करिब दुई घन्टा सो कार्यक्रम लोक संगीतमय बन्यो । त्यहाँ सहभागी लोक स्रष्टाहरूद्वारा कार्यक्रममा पूर्वीदेखि पश्चिम नेपालसम्मका विभिन्न लोकभाका सुनाइएको थियो ।

यस नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले सांस्कृति संस्थान (राष्ट्रिय नाचघर) को सहयोगमा आयोजना गरेको 'लोक सुसेली कार्यक्रम -२०७३' मा कलाकारद्वारा लोकभाका प्रस्तुत गरिएको हो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले अध्यक्षतामा सुरू भएको कार्यक्रमको अग्रज संस्कृतिविद् मोदनाथ प्रश्रितले मादल बजाएर उद्घाटन गर्नुभयो । यसपछि सम्बन्धित कलाकारबाट लोक सुसेली सुनाउने क्रम सुरू भयो ।

*'कहिले तिर्न सकौंला र गुण*
*यो संसारमा भगवान नै छन भने*
*जन्म दिने मेरी आमा हुन्...'*

लोकगायिका करिश्मा घर्तीमगरले मध्यपश्चिम क्षेत्रको यो लोकभाकाबाट गायन कार्यक्रम सुरू गर्नुभएको हो । उहाँले यो गीत गाउँदा आफ्नी आमालाई नसम्झने दर्शक त्यहाँ बिरलै थिए । उहाँको सो गीतले दर्शकलाई भावुक बनायो ।

यसपछि लोकगायक गम्भीर रानामगर मञ्चमा उत्रिनुभयो । उहाँले चलचित्र माइतीघरको चर्चित टप्पा भाकाको कला कुर्तै ले ६ महिने जागिर खायाँ काला कुर्तैले...गीत गाउनुभयो । उहाँलाई दर्शकले गीत अवधिभरि नै तालीले साथ दिए । यसपछि लोक कलाकारद्वय गीता सेन्चुरी र रञ्जित परियार मञ्चमा उत्रनुभयो ।

*'यो दाजुको मिर्मिरे आँखा*
*कस्तो मेरो बिगाऱ्यो दिमाग*
*नरोउ माया...'*

कुनै समयको यो चर्चित भाकालाई कलाकारद्वय गीता सेन्चुरी र रञ्जित परियारले लोक सुसेली कार्यक्रममा माधुर्य स्वरमा प्रस्तुत गरेर दर्शकको मन जित्नुभयो ।

यसपछि कार्यक्रम उत्रनु भएका कलाकार मिरा थापा र गम्भीर रानामगरले पनि कौडा भाका प्रस्तुत गर्नुभयो । यी दुई कलाकारले कौडा भाकाको चिनिनँ मैले...गीत गाउनुभएको थियो । गायिका रितु थापाले कार्यक्रममा आफ्नो गीत फूल्यो निमपत्ता....गाएर दर्शकको मन जित्नुभयो ।

यसपछि मञ्चमा पुनः उत्रनु भएका रञ्जित परियार, गीता र मिराले सालैजो भाका त्यो रानी बनको...गाएर कार्यक्रमलाई लोकगीतमय तुल्याए ।

गायक दामोदर भण्डारीले प्रस्तुत गरेको लोका भाका ढुंगेधारामा...लाई दर्शकले निरन्तर तालीले साथ दिए । यसपछि रञ्जित परियार र मिरा थापालेले सोरठी सुनाउनुभयो । उहाँहरूले बेसी गोठैमा...बोलको सोरठी भाका सुनाएर कार्यक्रमको रौनकता बढाउनु भएको थियो ।

यसपछि कार्यक्रममा सविना कुँवर प्रस्तुत हुनुभयो । उहाँले लोकगीत .'पाइन खबर, घर फर्की आउनु है मेरो हजुर...', गाउनुभयो । सुनिता र रञ्जितले लगत्तै अर्को



लोकगीत राम्दी पुल..सुनाउँदा दर्शकले तालीले निरन्तर साथ दिए ।

एक समयको निकै चर्चित पूर्वेली लोकभाका धरान धनकुटा... कलकारहरू मिरा, गीत, रञ्जित र गम्भीरलले संयुक्त स्वरमा सुनाउनु भयो । यो गीतले दर्शकलाई पूर्वेली लोकगीत संगीतको स्वाद दिलायो ।

यस्तै सो लोक सुसेली कार्यक्रममा प्रत्यक्ष बादबादनका साथ गीता र रञ्जितले झ्याउरे भाका तथा मिरा गोर्खालीले लोकभाका सुनाएर कार्यक्रमको रौनकता बढाउनु भएको थियो ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति एवं अग्रज संगीतकार शम्भुजीत बासकोटाले नेपालको परिचय नै यहाँको लोक संगीत हो भन्नुभयो । उपकुलपति बासकोटाले लोकगीत संगीतको जगेर्ना गरेर मात्र नेपाली लोकसंस्कृति जोगाउन सकिने धारणा राख्नुभयो । प्रतिष्ठानले लोकसंगीत संरक्षणका लागि विभिन्न कार्यक्रम गर्दै आएको जानकारी पनि उपकुलपति बासकोटाले बताउनुभयो । अग्रज संस्कृतिविद् मोदनाथ प्रश्रितले एकै थलोमा बसेर नेपालका दर्जनभन्दा बढी लोकसंगीत सुन्न पाउँदा आनन्द आएको अनुभव सुनाउनुभयो । उहाँले नेपाली लोकसंगीतको महत्वबारे कार्यक्रममा जानकारी गराउनुभयो ।

यस्तै, कार्यक्रमकी संयोजक एवं नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी परिषद् सदस्य तथा लोकसंगीत विभाग प्रमुख पवित्रा घर्तीमगरले सबैलाई स्वागत गर्नुभयो । उहाँले हाम्रा पुराना लोकगीत संगीतलाई जगेर्ना गर्दै त्यसलाई नयाँ पुस्तामा समर्पणको लागि लोक सुसेली कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रमको अर्को आयोजक संस्था सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) का प्रबन्ध निर्देशक राजेश थापाले नेपाल लोकसंस्कृतिले धनी मुलुक भएको बताउनुभयो । त्यसको जगेर्ना गर्नु संस्थानको दायित्व भएकाले यस्तो कार्यक्रम संयुक्त रूपमा आयोजना गरिएको जानकारी थापाले दिनुभयो । यस्ता कार्यक्रममा संस्थानले आउँदा दिनमा पनि सहकार्य गर्ने प्रतिबद्धता उहाँले जनाउनुभयो ।




# कुलपतिद्वारा भानुको सालिक अनावरण

पोखरा । २०३ औं भानु जयन्तीको अवसरमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति एवं भानु वाङ्मय प्रतिष्ठान पोखराका अध्यक्ष भक्त श्रेष्ठ (सरूभक्त) ले फूलबारी-११ भानुपार्क पोखरामा पूर्णकदको आदिकवि भानुभक्त आचार्यको सालिक अनावरण गर्नुभयो ।

२९ असार २०७३ मा सालिक अनावरण समारोहलाई सम्बोधन गर्दै कुलपति सरूभक्तले पर्यटकीय नगरी पोखरामा आदिकवि भानुभक्तको स्मरणमा भानुपार्कसहित भानु प्रतिमास्थल निर्माण भएपछि देशको साहित्यिक पर्यटकीय स्थलको रूपमा विकास गर्ने लक्ष्य राखिएको छ भन्नुभयो । उहाँले प्रतिमा अनावरणपछि सो ठाउँ विद्यार्थी र देश विदेशमा रहेका साहित्य प्रेमीहरूका लागि प्रेरणाको केन्द्र बन्ने विश्वास व्यक्त गर्नुभयो ।

सालिक अनावरण समारोहमा अतिथिका रूपमा पश्चिमाञ्चल क्षेत्रीय प्रशासक शंकरप्रसाद कोइराला, पोखरा उपमहानगरपालिकाका प्रमुख, जिल्ला विकास समिति अधिकार ीसहित साहित्यप्रेमी तथा नगरवासीको उपस्थिति थियो । ढलौटबाट निर्माण गरिएको पूर्णकदको सालिक निर्माण भानु वाङ्मय प्रतिष्ठान पोखराले गरेको हो ।

२९ असार बिहान भानु जयन्ती मनाउने क्रममा पोखराको चिप्लेढुङ्गा नजिक गणतन्त्र चोकबाट फूलबारीस्थित भानुपार्कसम्म नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, साहित्य प्रेमी तथा विद्यार्थीहरूले भानुको तस्बिरसहितको शोभायात्रा निकालेका थिए ।





# सम्झनामा
# अम्बर गुरुङ

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका संस्थापक कुलपति, वरिष्ठ सङ्गीतकार एवं राष्ट्रगानका सङ्गीतकार अम्बर गुरूङलाई हामीले यो वर्ष गुमायौं । अब उहाँ आफ्ना सृजनाबाट केवल हाम्रो सम्झनामा मात्र हुनुहुन्छ ।

मधुमेह, पार्किन्सन्स जस्ता रोगबाट एक दशकदेखि पीडित गुरूङको उपचारकै क्रममा २०७३ जेठ २५ गते मंगलबार बिहान २:३० बजे काठमाडौंको धापासीस्थित ग्रान्डी अस्पतालमा निधन भयो । निधनको क्रममा यस प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त), उपकुलपति शम्भुजीत बासकोटा, सदस्य सचिव गणेश रसिकलगायत प्रतिष्ठान परिवार अस्पतालमै हुनुहुन्थ्यो ।

निधनपछि यस प्रतिष्ठान परिवारको पहलमा सोही दिन बिहान ११ बजेबाट उहाँको पार्थिव शरीरलाई श्रद्धाञ्जलीका लागि काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा राखिएको थियो । सो डबलीमा पुगेर उहाँको पार्थिव शरीरमा उपराष्ट्रपति नन्दबहादुर पुन, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेता रामचन्द्र पौडेल, एमालेका नेताहरू माधवकुमार नेपाल, झलनाथ खनाल, उपप्रधानमन्त्रीद्वय भीम रावल, चित्रबहादुर केसी, मन्त्रीहरू शान्ता मानवी, शक्ति बस्नेत, अग्नि खरेल, आनन्दप्रसाद पोखरेलले फूलमाला चढाउँदै श्रद्धाञ्जली व्यक्त गर्नुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्त, उपकुलपति बासकोटा, सदस्यसचिव रसिक, प्राज्ञ परिषद् सदस्यहरू, प्राज्ञ सभा सदस्यहरू, नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति, उपकुलपति, सदस्य सचिव एवं प्राज्ञहरूले उहाँको पार्थिव शरीरमा फूलमाला चढाएर श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो ।

यस्तै, विभिन्न दलका नेताहरू, प्रधानसेनापति राजेन्द्र क्षेत्री, प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याल, नेपाली चलिचत्र क्षेत्रका, नेपाली संगीत क्षेत्रका अग्रजदेखि नयाँ पुस्तासम्मका कलाकार, विभिन्न पेसासँग सम्बन्धित व्यक्तित्वदेखि सर्वसाधारणलगायतले उहाँप्रति अन्तिम श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

यस प्रतिष्ठानको व्यवस्थापनमा वरिष्ठ सङ्गीतकार अम्बर गुरूङको सोही दिन दिउँसो नेपाल प्रज्ञा प्रतिष्ठानबाट शवयात्रा भएको थियो । सडकपेटीमा बसेर सहरबासीले उहाँलाई श्रद्धाञ्जली दिए । सोही दिन अपरान्ह पशुपति आर्यघाटमा राष्ट्रिय सम्मानका उहाँको अन्तिम संस्कार गरियो । सेनाबाट मानार्थ सेनानीको उपाधि पाउनुभएका गुरूङलाई सेनाका तर्फबाट पनि विशेष सम्मान प्रदान गरिएको थियो । हिन्दु र बौद्ध रीतिअनुसार उहाँको अन्त्येष्टि गरिएको थियो ।

अन्त्येष्टिअघि गुरूङलाई उपप्रधान तथा रक्षामन्त्री भीम रावलले नेपालको झण्डा ओढाएर राष्ट्रिय सम्मान दिनुभएको थियो । गुरूङका तीन छोरा, एक छोरी र श्रीमती हुनुहुन्छ ।

१९९४ फागुन १४ मा भारत दार्जिलिङको लालभित्तीमा उहाँको जन्म भएको हो । बुबा उजुरीसिंह गुरूङ नेपालको गोरखाबाट भारतीय सेनामा जागिरे भएपछि उत्तै बस्दै आउनुभएको थिए । बुबा उजिर र आमा रेणुकादेवीको प्रेरणाले अम्बर गुरूङ सङ्गीतमा लाग्नुभएको थियो ।

सन् १९६१ मा अगमसिंह गिरीको रचनामा नौलाख तारा उदाए...गीत गाएर तथा रेकर्ड गराएर अम्बर गुरूङले सङ्गीत यात्राको औपचारिक थालनी गर्नुभएको थियो । यो गीत त्यतिबेला निकै चलेको थियो । पहिलो गीतबाटै चर्चा कमाएपछि उहाँले गायनलाई निरन्तरता



गीतिसंग्रह स्रोतामाझ आइसकेका छन् । कहाँ गए ती दिनहरूलगायत चारवटा उहाँका पुस्तकहरू प्रकाशित छन् ।

म अम्बर हुँ..., स्वप्निल आँखाभरि..., पोखिएर घामको झुल्का.., पोहोर साल खुसी फाट्यो.., कहिले आफ्नो भुमरीमा.., मेरो यो गीतमा.., रातो र चन्द्र सूर्य.., आए सबै याद.., यो जिन्दगीको के कुरा.., जसै साँझ पर्‍यो..जस्ता सयौं चर्चित गीतहरूमा उहाँले स्वर, सङ्गीत दिनुभएको थियो । प्रतिष्ठानका संस्थापक कुलपति अम्बर गुरूङलाई गुमाउनुपर्दा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानलाई आफ्नो अभिभावक गुमाएको महसुस भएको छ । उहाँको निधनले नेपाली संगीत क्षेत्रलाई ठूलो क्षति भएको छ । आफ्ना संस्थापक कुलपति अम्बर गुरूङप्रति यस नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान परिवार हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ ।

दिनुभयो । उहाँको गायनबाट प्रभावित भएर तत्कालीन राजा महेन्द्रले अम्बर गुरूङलाई कलाकारको रूपमा नेपाल ल्याउनुभएको थियो । त्यसपछि उहाँले पूरा जीवन नेपालमै रहेर सङ्गीत क्षेत्रमा निरन्तर योगदान दिएर हामीबाट सदाका लागि टाढा हुनुभयो ।

लोक झ्याउरे शैलीमा अघि बढेको नेपाली संगीत क्षेत्रलाई पाश्चात्य बाजाहरूको प्रयोगसहित आधुनिक युगमा प्रवेश गराउनमा वरिष्ठ सङ्गीतकार अम्बर गुरूङको पनि महत्वपूण देन थियो ।

दुई सयभन्दा बढी नेपाली गीतका स्वर दिनुभएका सङ्गीतकार गुरूङले आफ्नो जीवनकालमा ९ सय ९६ ओटा गीतमा सङ्गीत सृजना गर्नुभयो । उहाँले २५ वर्षसम्म नेपाल प्रज्ञा प्रतिष्ठानमा रहेर सङ्गीत निर्देशकको रूपमा योगदान पुर्‍याउनुभयो । अम्बर गुरूङ नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका संस्थापक कुलपति हुनुहुन्थ्यो । उहाँले नै राष्ट्रगान सय थुँगा फूलका हामी..मा संगीत सृजना गर्नुभएको हो ।

नाटक, ब्याले, चलचित्रमा समेत संगीत दिनुभएका गुरूङले महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, कुञ्जनी जस्ता खण्डकाव्य, राष्ट्रकवि माधवप्रसाद घिमिरेको मालती मङ्गलेसहित सत्यमोहन जोशीको चारवटा नाटक जब घाम लग्छ, फर्केर हेर्दा, अरनिको र सपनाबाट ब्युँझदामा सङ्गीत दिनुभएको थिए । कालजायी स्रष्टा अम्बर गुरूङको सम्हालेर राख, कहिले रहर कहिले तर.ग, अम्बर सङ्गीत सन्ध्या जस्ता विभिन्न





# हार्दिक श्रद्धाञ्जली



नेपाल सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठानका प्रथम कुलपति एवं राष्ट्रगानका सङ्गीतकार तथा अग्रज सङ्गीतज्ञ अम्बर गुरूङको निधनप्रति यस प्रतिष्ठान दु:ख व्यक्त गर्दै उहाँको आत्माको चीरशान्तिको कामनासहित शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दैछौं ।

## नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान

### परिवार


२०७३ वैशाख/असार

**प्राज्ञिक संसार** Academia
Music-Drama Bulletin
सङ्गीत-नाट्य बुलेटिन

**प्रकाशक**
नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान,
भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं. - ११७३०
फोन नं. : ४४२८४०४/४४२८४०५,
फ्याक्स नं. : ४४२८४०७
Email : info@namuda.org.np
website : www.namuda.org.np



**प्रधानसम्पादक** :
गणेश रसिक

**कार्यकारी सम्पादक** :
डब्बु क्षत्री

**तस्बिर** :
नरेन्द्र खड्का

**साजसज्जा** :
विश्व सापकोटा
(विलक्षण क्रियसन)

**सल्लाहकार**
सरुभक्त
शम्भूजीत बासकोटा

**सम्पादक मण्डल**
उदय श्रेष्ठ
उन्नति बोहरा 'शीला'
पवित्रा घर्तीमगर
पुष्करबहादुर गुरूङ
माधव प्रधान
रमेशरञ्जन झा